# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०३/२४

चौथो अधिवेसन

(२४औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेशनको २४ औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (२) बमोजिम प्रदेश सरकारको आ.व.२०७६।०७७ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथि सामान्य छलफलको बाँकी कारबाही प्रारम्भ हुन्छ ।

सर्व प्रथम माननीय **अक्कल बहादुर रावल** लाई समय दिन्छु

**माननीय अक्कल बहादुर रावल** :- सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट तथा कार्यक्रमको सन्दर्भमा हामी छलफलमा जुटि राखेका छौ । आज धेरै झण्डै बजेट प्रस्तुत भएको २२, २३ दिन जति भयो । सदन सुचारु भएको छ । बजेट प्रस्तुत भैसकेपछि सरकारले ल्याएको कार्यक्रम प्रति यसका क्रिया र प्रतिक्रिया हुनु स्वभाविक हो त्यसै सन्दर्भमा बजेटको रातो किताब कतै जलेको छ, कतै हामीले सुरक्षित पनि राखेका छौ । यो बीचमा यद्धपी लामो घम्साघम्सी पछि लामो अभ्यास पछि एउटा खालको छलफलको बाताबरण शुरुवाद भएको छ । यसका निम्ती सरकारलाई धन्यवाद दिन चाहान्छु र रातो किताब पश्चात लामो छलफल पछि सहमतिमा आएकोमा प्रमुख प्रतिपक्ष दललाई पनि विशेष गरि धन्यवाद दिन चाहान्छु । बजेट हामीले तेस्रो बजेटमा हामी छलफल गरि राखेका छौ अहिले यो प्रदेशको विगतका बजेटहरु भन्दा यो बजेट केहि सुदृढ हुदै गैराखेको हामीलाई महसुस हुन्छ । केहि चुस्त हुदै गैराखेको र केहि कार्यान्वयन गर्नका निम्ती यसले आफ्ना संयन्त्रहरुलाई पनि अलि चुस्त बनाउदै गैराखेको र कार्यान्वयनका दृष्टिले पनि आगामी बर्षहरु सुखद रहने संकेतहरु बजेट, कार्यक्रम र यसका संरचनाका दृष्टिकोणले देखिन्छ । त्यसैले गर्दा बजेटको मुल स्पीड ठिक छ भन्ने कुरामा कुनै दुविधा छैन जस्तो मलाई लाग्छ तर पनि एउटा नया परम्परा हाम्रो प्रदेशमा थालनी भएको छ । सत्तापक्ष र प्रतिपक्षको सहमति विना सदनै नचल्ने जुन परम्पराको थालनी भएको छ । यो सम्भवत संसदीय अभ्यासको दृष्टिकोणले नयाँ अभ्यास पनि हो कि जस्तो मलाई लाग्छ किन कि बजेटकै सन्दर्भमा छलफल गरेर एउटा खालको सहमति अरु ठाउँहरुमा संघमा पनि मैले त्यस्तो

देखेको छैन जे होस हामी सकारात्मक दिशातर्फ अगाडि बढेका छौ र बजेटका अन्य पाटा पक्षहरु अब कता सन्तुलन मिल्यो या मिलेन बजेट कसरी विन्यास भयो समग्रमा बजेटले सम्पूर्ण क्षेत्रहरुलाई, सम्पूर्ण भूगोलहरुलाएई, सम्पूर्ण क्षेत्रहरुलाई अलि सन्तुलित बनाउन सक्यो वा सकेन यो अझै बहसको विषय छ सम्भवत यि बहसहरुले हामीलाई आगामी दिनहरुका निम्ती एउटा मार्ग दर्शन गर्न सक्दछन् जस्तो मलाई लाग्छ किन कि सिद्धान्तका दृष्टिकोणले बजेटको सन्तुलन सबै ठाउँमा बजेटका सिद्धान्त अनुसार अगाडि बढ्नु पर्छ भन्ने हुन्छ तर यदा कदा नहुने परम्परा नेपालको राजनैतिक ईतिहासमा र बजेट निर्माणको ईतिहासमा पनि त्यो पटक पटक दोहोरिने गरेका छन् । सरकारले सरकारमा रहेका पात्रहरुले बजेटलाई आफ्नो ठाउँमा लिने यो परम्परा यो नयाँ परम्परा पनि होईन फेरी सबै ठाउँमा त्यसो हुने गरेको छ र हामीले त्यसलाई तोड्न सक्नु पर्थ्यो हामीले पनि तोड्न सकेका छैनौ दुर्भाग्य कुरा हो यो यो अत्यन्तै यो कस्तो हुदो रहेछ भने हामी धेरै कुरा चेन्ज गर्न सक्दा रहेछौ तर पुराना परम्पराहरुलाई हामी चेन्ज गर्न सक्दा रहेनछौ । हामी भित्रका संस्कारलाई हामी भत्काउन सक्दा रहेनछौ राज्यलाई राज्यको संरचना हामी चेन्ज गर्न सक्दा रहेछौ तर मानसिक संरचना छ नि मन भित्रको संरचनालाई चेन्ज गर्ने, मन भित्रको संरचनालाई परिवर्तन गर्ने कुरा नै समाजले परिवर्तन गर्ने कुरा नै अनुभुति रहेछ । त्यो कुरा हामीले गर्न सकिराखेका छैनौ यो बजेटको कमजोरीको पक्ष त्यो हो सुझावको रुपमा लिन्छु म यसलाई त्यसैले हामी बाहिर भन्दा खेरि २००७ साल, २०३६ साल, २०४६ साल, २०६२, २०६३, २०५२ विभिन्न आन्दोलनहरुले धेरै परिवर्तनहरु त ल्याएको छ । परिवर्तनका साथ साथै राज्यको चरित्रमा परिवर्तन आएको छैन राज्य संयन्त्र भित्रका जुन अवहेवहरु हुन ती अवहेवहरुको परिवर्तन हुनुपर्ने समय अनुसार अगाडि बढ्नुपर्ने, समय अनुसार गतिशिल हुनुपर्ने जुन नियम हो विज्ञानको नियम त्यो विज्ञानको नियमानुसार अगाडि बढेको देखिदैन त्यसैले गर्दा हामी पछाडि परेका हौ जस्तो मलाई लाग्छ त्यसैले अब यो बजेट सिद्धान्त र व्यवहारका दृष्टिकोणले सिद्धान्त सधै ठिक हुने गरेको छ । नेपालको राजनितिमा सिद्धानत ठिक हुने व्यवहारमा परिणाममा लादा खेरि जहिले पनि परिणाम गलत आउने गरेको छ । २०४६ सालमा पनि विश्वको उत्कृष्टि संविधान हामी भन्यौ तर त्यहि संविधान हामीले परिणाममा जादा खेरि के भो भने लागु गर्ने सन्दर्भमा ठिक ढंगले लागु गर्न सकेनौ जसका कारणले गर्दा देशमा अर्को खालको द्वोन्द पैदा भो र म एउटा गुरुले शिष्यलाई दिएको सन्देश म यहा सुनाउन चाहान्छु । एउटा शिष्यले चेलाले गुरु ज्ञान कसरी प्राप्त गर्ने भनेर सोध्दा खेरि गुरुले भनेछ ज्ञान प्राप्त गर्ने तरिका सिक्नका लागि तिमिले म सँग हिड्नु पर्छ । म सँगै केहि पर सम्म हिड्नुपर्छ त्यसपछि तिमि थाहा पाउछौ ज्ञान कसरी प्राप्त गर्ने भन्ने कुरा हुन्छ म हिड्छु तपाई जहा जहा लग्नुहुन्छ त्यहि त्यहि जान्छु । उसले एउटा ठुलो पोखरिमा लिएछ पोखरीमा लिएर त्यो पानिमा फालेछ शिष्यलाई शिष्यलाई पानिमा फालिसकेपछि पानिमा अत्यन्त छटपटाउन थाल्यो तर गुरु के गर्न थाल्यो भने पानि माथिबाट त्यो चेलालाई फेरी च्याप्न थाल्यो फेरी छटपटाउन थाल्यो अत्यन्तै बेहोस भैसकेपछि त्यो गुरुले त्यसलाई तान्यो के बुझिस तैले गुरु अरु सबै कुरा मैले केहि पनि बुझिन श्वास फेर्नु पर्छ भन्ने कुरा बुझे यो प्राण त श्वासले मात्र धानेको रहेछ श्वास कहाबाट

फेरौ हजुर भन्ने कुरा मात्र बुझे तिमिले ठिक बुझ्यौ हामीले श्वास फेर्ने हाम्रो जीवन श्वासमा टिकेको छ । त्यसैले जब हामीले स्वस्थ श्वास फेर्न सक्छौ स्वास्थ ढंगले प्रफुल्ल ढंगले जीउने कला सिक्न सक्छौ उन्मुक्त आकाशमा उड्ने कला सिक्छौ तब मात्रै जीवनको सार्थकता रहन्छ भन्ने ज्ञान त्यो शिष्यले प्राप्त गरेछ त्यसैले गर्दा कुनै पनि ठाउँहरुमा हामीले के हो भने हरेक ठाउँमा अभ्यास गर्दै जाने क्रममा त्यस्तो खालको देख्छौ तर पनि स्वतन्त्रताको कुरा, समानताको कुरा सबै ठाउँमा लागु हुन्छ त्यसैले यो सदनले हाम्रा बत्तिसवटा निर्वाचन क्षेत्रहरु, ८८ वटा स्थानीय तहहरु त्यहि अनुसारका क्षेत्र भूगोलहरुलाई अक्सीजन दिनुपर्छ र जीवन टेकेको छ प्रदेशको जीवन प्रदेशको भविष्य त्यहा भित्र निहित छ तसर्थ म धेरै नबोलीकन यो बजेटको सर्मथन गर्दै अन्तमा के भन्न चाहान्छु भने एउटा हामी गित पनि सुनि राख्या हुन्छौ खुशि हुदा नि आफ्नै गाली गर्दा नि आफ्नै आखिर जे गरेनी आफ्नै भन्ने एउटा गित छ नि त्यो भन्दै आफ्नो सरकार भएको हुनाले सत्तापक्षको तर्फबाट म यो बजेटलाई समर्थन गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय भरत बहादुर खड्का** :- सभामुख महोदय, सभामुख महोदयको अनुमतिले म दुखद घटनाको बारेमा केहि कुरा बोल्न चाहान्छु त्यसपछि बजेटको बारेमा म प्रवेश गर्न चाहान्छु म अनुमति माग्न चाहान्छु । केहि दिन अगाडि शिखर नगरपालिका निवासि वडा नं.७ मा बसोबास गर्ने कलावति कठायतको सर्प टोकाईबाट मृत्यु भएको छ । बडा दुखद् घटना घटेको छ म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र उहाका परिवारप्रति समवेदना व्यक्त गर्दै उहाको नावालक छ सरकारले राहात दियोस भनेर म माग गर्न चाहान्छु । त्यसैगरि पूर्वीचौकि निवासि पुरन गिरी यसै २२ गते अझ सर्पको टोकाईबाट अर्को व्यक्तिको मृत्यु भएको छ एउटा नवयुवक जो पूर्वीचौकि निवासि हुनुहुन्छ र उहालाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उहाका परिवार प्रति समवेदना व्यक्त गर्न चाहान्छु साथै राहातको लागि म प्रदेश सरकारसँग म माग गर्न चाहान्छु र केहि दिन अगाडि कैलालीमा विनासकारी हावाहुरिका कारणले हजारौ छानाहरु उडेका छन्, कृषि क्षेत्रमा केरा बारिमा व्यापक क्षति भएको छ । कुखुरा पालनको क्षति भएको छ र अझ पनि नाङ्गो आकाशमुखि वृद्ध र बालिकाहरु बस्नुपर्ने र मक्षरको टोकाईबाट पिडित छन् र सरकारले त्यस तर्फ के कति राहात दिनु पर्ने हो तदारुकताका साथ जान म सरकारलाई आग्रह गर्न चाहान्छु । यो केरा खेतिमा आत्मनिर्भर बन्दै गएको कैलाली, कंचनपुरका व्यवसायिहरुलाई पनि क्षतिपूर्तिको राहात दिन पनि आग्रह गर्दै कुखुरा पालन देखि अन्य क्षतिपूर्तिमा पनि सरकार प्रदेश सरकारको उपस्थितिका लागि म हार्दिक अनुरोध गर्न चाहान्छु । आज हामी धेरै दिन पछि हामी सदनमा उपस्थित भएका छौ र सदनको अवरोध किन भयो भन्ने कुरा सबैलाई जग जाहेरै छ म यो कुरा निचोडमा भन्न चाहान्छु । २०७६।०७७ को बजेट सुदूरपश्चिम बासिको आर्थिक समृद्धि, बेरोजगारी समस्या न्यूनिकारण गर्ने, गरिबी निवारण गरिने र उत्पादकत्व बढाउने सवालमा त्यो स्पीडमा यो बजेट छैन भन्ने कुराहरु प्रष्ट भएको छ र सिद्धान्त, तह र नीतिगत रुपमा धेरै ठाउँमा नीतिगत भ्रष्टाचार भित्र लुकेका छन् त्यसैले गर्दा बजेट सुदूरपश्चिमबासिको स्पीडमा छैन र हामीले बारम्बार भनेका थियौ त्यति मात्र होईन बजेट निर्माण गर्दा विगतका बजेटहरु के

मा टेक्यौ कसरी शुरुवाद गर्यौ, कुन क्षेत्रमा लगानी लगायौ र त्यसको व्यापक समिक्षा गरेर हामीले आगामी बर्षका बजेटहरुलाई कुन क्षेत्रमा कति उपलब्धि गर्यौ, कुन क्षेत्रमा के कमि रह्यो यसको समिक्षा गरेर हामीले बजेट निर्माण गर्नुपर्छ तर विगतमा लिएका योजना छोड्दै जाने, विगतको कुनै उपलब्धी कुनै कमि कमजोरीको समिक्षा नगरेर मनगडन्ते ढंगले यो बजेट बनेको छ त्यसैले यो बजेटले तात्तुकै किसिमको उपलब्धी सुदूरपश्चिम बासिको लागि त्यो प्रतिफल आउन सक्दैन । आज हामीले समाजवादको कुरा धेरै उठायौ पहिला समाजवादको बारेमा बुझ्न जरुरी छ । अब यो पुरातन समाजवाद होईन, अधिनायकवाद समाजवाद होईन, लोकतान्त्रिक समाजवाद हो प्रतिस्पर्धात्मक समाजवाद हो । उत्पादन न्यायोचित वितरणका कुराहरु छन् त्यो समाजवाद बाहेक अर्को समाजवादले काम गर्दैन भन्ने कुरा संविधानमा व्यवस्था भएका कुराहरु छन् त्यसलाई अब मुलमत्रको रुपमा लिनु पर्छ र जहासम्म मलाई लाग्छ अब यो बजेट सुदूरपश्चिमको लागि जुनसुकै पार्टिको सरकार भएपनि उपयुक्त छैन । प्रतिपक्ष भएर गैरजिम्मेवारी भाषा हामीले पनि बोल्नु हुदैन पहिला पनि मैले भनेको थिए संघीय सरकारले पनि यो प्रदेशलाई बजेटिङको नाममा उपेक्षा गरेको छ । अरु प्रदेश भन्दा यसलाई सौतेलो व्यवहार गरेको छ । त्यसैले पनि संघीय सरकारसँग हामीले भनेका थियौ क्षतिपूति सरह पनि सुदूरपश्चिमलाई संघीय सरकारले बजेटमा वृद्धि गर्नुपर्छ यो खेदपूर्ण कुरा भएको छ त्यसैले साझा दृष्टिकोण राखेर संघसँग लड्नुपर्छ भन्ने हाम्रो मान्यता हो र जहासम्म उद्योगधन्दाको सवालमा पनि यो बजेटले त्यति राम्रो उपस्थिति दिन सकेको छैन खाली बजेट भाषणमा उद्योगधन्दाको कुरा ल्यायो तर उद्योग धन्दामा लगानी गर्ने ईन्भेष्टिटरहरुको बारेमा उनलाई आर्कषण गर्ने सुरक्षाको व्यवस्था छैन, यहा गृहमन्त्रीजी हुनुहुन्छ सभामुख महोदय सेना विनाको गृहमन्त्री हुनुहुन्छ । प्रहरी ऐन चाडो ल्यायौ शान्ति सुरक्षालाई मात्र केहि हद सम्म व्यवस्थापन गर्न सक्छ भन्दा पनि सरकारले त्यो आट गरेको छैन किन सरकार डरायो प्रतिपक्ष तपाईहरुको साथमा छ । बनाऔ ऐन प्रदेश सरकारको अनुसूचिमा लेखेका कुराहरुलाई अक्षरस पालना गर्ने कुरामा नेपाली कांग्रेस, रा.ज.पा. तपाईहरुको साथम छ हामी तपाईहरुलाई बल पुर्‍याउन तयार छौ यसरी चल्दैन अब त्यसैले उद्योगधन्दा कलकारखानामा भाषण गरेर आउदैन आर्कषण गर्ने बाताबरण दिन सक्नु पर्छ । भाषण त धेरै गरिसक्यौ भाषणले त आउदो रहेनछ त्यो आट गरौ । अब अर्को कुरा यहा धेरै भ्रष्टाचारका कुराहरु उठेका छन् निश्चित रुपमा उठेका छन् मेरै गाउँमा म सांसद हु २० लाखको सडक ७ दिनमा खोकडेको छ, ५/७ लाखको चौतारी चिनेको छ त्यो पनि अर्को ठाउँमा जमिन नपाएर मेरै जमिनमा त्यो बरको सानो रुख रोपेको छ । २० लाखमा १० लाख कहा कहा बुझाउनु पर्छ भनेर कचिङगल चलाएको छ जो त्यो गाउँको सभासदलाई जानकारी छैन भने मेरै गाउँमा यति बेतिथि छ भने अर्को ठाउँमा कस्तो होला यहि होईन र प्रमाण त्यसैले सरकारले दृढताका साथ चाहे त्यो मन्त्री होस, चाहे सचिव होस, चाहे कुनै व्यक्ति होस यस्ता घृणित काम गर्ने मान्छे कानूनी कडघरामा आउनुपर्छ त्यसैले एउटा सर्वसक्तिमान संसदीय छानविन टोली गठन गर्नुपर्छ भन्ने हाम्रो माग हो । अब अर्को तर्फ मुद्रस्पीर्थिका कुराहरु छन् बजेट निर्माण गर्दा रहर, लहरले बनाउने होईन आज देशको मौद्रिक अवस्था के छ

? मुद्रस्प्रति कुन रुपमा गएको छ ? उत्पादन के छ ? एउटा सामान्य तह ईकनोमिक्सको विद्यार्थीले यो कुरालाई सहजै बुझ्छ हामी सबै पनि बुझ्छौ अभ्यासले र व्यवहारले प्रोडक्सन, डिमान्ड र सप्लाई जब प्रोडक्सनै भएन यो आपूर्ति हुदैन आपूर्ति नभयो भने डिमाण्ड बढ्छ डिमाण्ड बढ्यो भने आकाशिन्छ भाउ अहिले बजारको अवस्था त्यहि छ गरिब मान्छेले तरकारी किनेर खान सक्ने अवस्था छैन । बस्तु पनि किनेर खान सक्ने अवस्था छैन, बजारको नियमन छैन । उत्पादकत्व बढाउने सवालमा सरकार मौन छ । मुद्रास्फीर्ति डरलाग्दो रुपमा बढेको छ । संघ, प्रदेश र स्थानीय तहबीच यसको कुनै कोडिनेशन छैन । संघले शिक्षालाई महत्व दिन्छ, प्रदेशले कृषिलाई दिन्छ, स्थानीय तहले कस्लाई दिन्छ कुनै कोडिनेशन छैन राष्ट्रको मुलधारको आधारमा हामीले पहिलो प्राथमिकता कसलाई हो हाम्रो स्रोत साधनले कसलाई प्राथमिकता दिदा खेरि हामी एउटा टिम तीनैवटा सरकार अगाडि बढेर उत्पादकत्व बनाउन सक्छ त्यसको प्रतिफल जनता र राष्ट्रलाई दिन सक्छौ जसले आयातमुखि होईन, निर्यातमुखि बाटा आउने राजश्वले हामी सस्टेन हुन सक्छौ । आर्थिक सस्टेनविलिटिका कुराहरु आउछन् अहिले आयातबाट उठेको भन्सारमुखि राजश्वले देश चलाई राखेकाछौ त्यो हाम्रो लागि घातक हुदैछ दिर्घकालिन सोचका साथ सरकार अगाडि बढ्नुपर्छ भन्ने हाम्रो मान्यता हो । डिपिआरका नाममा भ्रष्टाचार करोडौको भएको छ । डिपिआर डिपिआरका नाममा हुदैन ढिपिआर योजना संचालन गर्ने सवालमा आवश्यक पर्छ तर यहा डिपिआर डिपिआरका नाममा भएको छ डिपिआर गरेर छोड्दै अर्को डिपिआरका नाममा यो बजेटमा पैसा राखेको छ त्यसैले व्यापक भ्रष्टाचार त्यहाबाट पनि गरेको छ । अर्को कुरा गरिबी निवारणसँग बजेटमा धेरै कुरा आए बोलीयो तर गरिबी न्यूनीकरण गर्ने खालका कार्यक्रम छैन । सस्तो लोकप्रियता धेरै दिन पच्दैन प्रधानमन्त्री स्वरोजगार भन्यो प्लाष्टिक र यो नाली सफा गर्दै त्यो देशको ठुलो ढुकुटी स्वाहा बनायो त्यहि हो स्वरोजगार, त्यहि हो जनतालाई दिने प्रतिफल राज्यको ढुकुटीलाई दोहन गर्ने क्रियाकलापमा हामी नजाऔं भोली पाप लाग्छ यो अपराध हुन्छ र अर्को कुरा मलाई के लाग्छ भन्दा खेरि यहा धेरै कुराहरु जस्तो हामीले भन्यौ यो प्रदेशका राष्ट्रिय गौरवका कुराहरु सेती परियोजना, खुटिया, दिपायल द्रुतमार्ग, महाकाली करिडोर लगायतका धेरै राष्ट्रिय गौरवका विषयलाई यो प्रदेश सरकारले हैसियत बनावस लभिङ गरोस, एडभोकेसिङ गरोस कस्ले गर्ने त एउटा नागरिकले गर्न सक्छ । यो प्रदेश सरकारले गर्ने हो यो हाम्रो जवाफदेहिता हो यो हाम्रो जिम्मेवारीको कुरा हो । हामीले बारम्बार भन्यौ यहा बजेट पास गर्ने र विधेयक पास गर्ने मात्र थलो होईन यसले राष्ट्रिय, अन्तराष्ट्रिय रुपमा घटेका घटनाहरु र संघीय सरकारबाट गर्नुपर्ने काम कारवाहीहरुलाई पनि यो सार्वभौम सत्ता सम्पन्न प्रदेशको प्रदेश सभालाई त्यो हैसियत छ त्यो बुझ्नु जरुरी छ । त्यो मान्यताका आधारमा हामी राष्ट्रिय गौरवका योजनाहरुलाई संघीय सरकारलाई घचघचाउने काम जस्तो हामीले भनेका छौ । सेती परियोजनालाई संकल्प पास गरौ संकल्प प्रस्ताव प्रदेश सभाले गर्दा त्यसको वइटेज बढ्छ । लभिङ गरौ संयुक्त रुपमा गरौ विकास सबैको साझा हो आट गरौ उइल पावर अगाडि बढाऔ असल नियतका साथ जाऔ के गर्न सकिदैन आज कस्ता कस्ता मुलुकहरु कहाबाट कहा पुगे तर हामीसँग धेरै सम्भावना छ, धेरै स्रोत छ त्यसको सहि

व्यवस्थापन असल नियतले गरेको खण्डमा यो देशलाई हामी आर्थिक समृद्धि र सुशासनमा विश्वमा नमुनाको रुपमा बनाउन सक्छौ र यो प्रदेश सम्भावनै सम्भावना भएको प्रदेश छ यसको समवेदनशिलतालाई बुझ्नु जरुरी छ । आट गरौ हामी तपाईहरुको साथमा छौ । अर्को कुरा कार्यान्वयनको पक्ष अत्यन्त कमजोर छ हामीले बारम्बार विकल्प सहित दियौ यसरी कार्यान्वयन गरौ तर प्रशेन्टेजको हिसाबले ६०-७० प्रशेन्ट त आउला तर क्वालीटिको रुपमा त्यो काम हुन्छ कि हुदैन जहा मोवाईल टाईपका कर्मचारी छन् सरकारका योजना निर्माण कार्य शुरु हुदा, कार्यन्वयन गर्दा भेटिदैन मोवाईल टाईपका अफिस छन् त्यति मात्र होईन एउटा बाजुरा जो कर्णाली पारि पनि गाउँ छन् बाजुराका त्यो ठाउँका मान्छेले अछामबाट सेवा लिनु पर्ने । दार्चुला जहा व्यास गाउँपालिका छ टिङ्कर जहा सदरमुकाममा आफ्नै सदरमुकाम आउन तीन चार दिन लाग्छ त्यहाका मान्छेले आएर वैतडिबाट सेवा लिनुपर्ने । मलाई बडा गजब लाग्छ यहि हो लोकतान्त्रिक गणतन्त्रले दिने सेवा जनताले के आयो लोकतन्त्र, गणतन्त्र बुझ्दैन विहान खाएको नेपाली जनतालाई विहान खाएको श्रमिक र मजदुरलाई बेलुका केटाकेटिलाई के खुवाउने भन्ने दिमाग अलमलिएको हुन्छ उसको लोकतन्त्र, उसको गणतन्त्र, उसको स्वतन्त्रता पेट हो पेट भर्नु जरुरी छ । हामी यो सम्वेदनशिलतालाई कहिले बुझ्ने अनि त्यो टिङ्करको मान्छेले वैतडिबाट सेवा पाउनुपर्ने अनि सेवा हुनुपर्ने हामी यहा रोष्टमबाट गर्जेर नक्कली प्रतिशत निकाले यति प्रशेन्ट विकास भयो यथार्थमा ती निमुखा जनताले जो हिजो पनि राज्यबाट उत्पीडनमा थिए राज्यमा पहुच पुगेको थिएन त्यसले त्यसको जीवनमा कति परिवर्तन कति प्रतिशत आयो यथार्थमा सरकार र प्रतिपक्ष टोली बनाएर हेरौ न त यो दुई बर्षको अवधिमा त्यसैले यो कागजमा बनाएर प्रतिशत निकालेर हुदैन व्यवहारमा बरु कागजमा नआवस व्यवहारमा प्रतिशत आउनु जरुरी छ त्यो बास्तविक प्रतिफल दिन सक्नु पर्छ भन्ने हाम्रो मान्यता हो र जहासम्म एउटा जिम्मेवार प्रतिपक्षको नाताले हामीलाई चिन्ता छ कि यो संविधानको कार्यान्वयन र यो संघीयताको सहि व्यवस्थापन र यसको सस्टेनाविलिटिका बारेमा हामी दृढताका साथ छौ कि हाम्रो काम कारवाहीले संविधान माथि अघि कुरा उठ्यो म सत्तापक्षका प्रमुख सचेतक तारा लामाज्यू र माननीय अक्कल बहादुर रावलज्यूका धेरै कुरामा म सहमत छु बडा पिडादायि कुराहरु यहा आएको छ त्यो अन्तर आत्माबाट प्रस्फुटन भएको कुरामा मेरो हार्दिक समर्थन छ । ल यहा प्रतिपक्षले विरोधको लागि विरोध गर्ने जो भन्ने गरेको थियो सत्तापक्षका साथिहरुले पनि २५ जना साथिहरुले त्यो असन्तुष्टि जाहेर गरे प्रतिपक्षले उठाएको मुद्दा सतप्रतिशत प्रमाणितथ भएको छ सत्य भएको छ म हार्दिक धन्यवाद दिन चाहान्छु र म एक दुईवटा फेरी यहा भित्रका बडा रोचक कुराहरु यहा उजागर गर्न चाहान्छु । बडा गजब छ नीतिगत भ्रष्टाचारमा साहेद यो अर्थमन्त्री विज्ञ हुनुहुन्छ मलाई थाहा छ बडा राम्रो हुनुहुन्छ, बडा आटीलो हुनुहुन्छ तर यो बजेट बनाउदा कुन गिरोहको फेला पर्नु भो मलाई थाहा छैन म एउटा बजेटको ३९ बुदामा स्थानीय तहलाई विशिष्ट प्रकृतिको कार्य गर्नको लागि विशेष अनुदान उपलब्ध गराउन ५० करोड विनियोजन गरेको छु । त्यो हो विशिष्ट प्रकृतिको योजना ५० करोड यहि होईन नीतिगत भ्रष्टाचार भोली आफै कार्यविधि बनाउने आफै आफ्ना कार्यकर्तालाई त्यो पनि पकेटका

कार्यकर्तालाई दिने, आषढमा बजेट दिने ५० करोड रुपैया विशिष्ट प्रकृतिको रे अनि यहि होईन त नीतिगत भ्रष्टाचार त्यो आफै कार्यविधि बनाएर आफ्नै किसिमको खल्तीबाट बाड्ने यस्ता धेरै कुरामा म बहस गर्न तयार छु मैले धेरै अध्ययन गरेर बस्या छु त्यसैले यो त अब लाखौ मान्छेले बुझ्दै छ यहा त धेरै पढे लेखेका धेरै राम्रा व्यागराउण्ड भएका भोली देश हाक्न सक्ने हैसियत भित्रका सांसदहरु मैले देखेको छु । अब कतिपय बाध्यता छ मुटु माथि ढुंगा राखि हास्नु पर्याछ भने जस्तो अवस्था छ साथिहरुलाई तर परिस्थिति फरक छ मैले भनेको थिए नीति तथा कार्यक्रममा यस्ता धेरै कुरा छन् समय पुग्दैन समय मेरो २० मिनेट हो नीति तथा कार्यक्रममा मैले बोल्दै गर्दा भनेको थिए बडा सबै पक्षलाई फुलबुट्टा भरेर आयो तर फुलबुट्टाले हुदैन उपलब्धी परिणामको कुरा हो मैले भनेको थिए स्मरण गराउन चाहान्छु । तपाईहरुले भोली बजेट विनियोजन गर्दा संसद एकातिर सरकार एकातिर हुनेछ है विचार गर्नुहोला सदन एकातिर सरकार एकातिर आज सदन एकातिर सरकार एकातिर भएको छ ल नढाटीकन आफ्नो आत्मालाई सोधौ सबै सरकार एक्लीएको छ र त्यो पनि भन्ने गरेको थिए मैले कि सरकारले सदनलाई सम्मान गर्न सक्यो संसदहरुलाई विश्वास लिन सक्यो भने सरकारको लागि सदन कवज हुन सक्छ त्यो तागत हुन सक्छ तर सरकारले त्यो संवेदनशिलतालाई बुझ्न सकेन अन्तमा आज लामो समयपछि गतिरोध अन्त भएको छ म धेरै कुरा अहिले यहा भन्न चाहादैन किन भने जेन्टीलम्यान एग्रीमेन्ट भन्छ अब जेन्टलम्यान बसेको एग्रीमेन्टको कार्यान्वयन हामीले हेर्दै छौ म यहा व्याख्या गर्न चाहादैनौ हामी सदन लामो समय सम्मको लागि बन्द गर्नु हुदैन जिम्मेवारी पूर्वक हाई लेवल सरकारको हाईलेवल, प्रतिपक्षको हाईलेवल रा.ज.पा. र कांग्रेसको बसेर बहुत गहनतम रुपमा छलफल भएको छ भद्र सहमति भएको छ हामी आशावादी छौ र त्यो कुनै प्रतिपक्षको लागि मात्र सहमति भएको छैन । सदनलाई सम्मान गर्नुपर्ने र सम्पूर्ण माननीय सांसदहरुलाई विश्वासमा ल्याएर समानताको आधारमा व्यवहार गर्नुपर्ने भद्र सहमति भएको छ हामी कांगेस र रा.ज.पा.को लागि मात्र लडेका छैनौ त्यसैले आगामी दिनमा हामीबाट भएका कमिकमजोरीलाई करेक्सन गरेर सरकार, सदन र सांसदहरुलाई विश्वासमा लिएर जुन प्रतिवद्धता सरकारले जाहेर गरेको छ हामीलाई विश्वास छ हामी विश्वास गर्छौ लिखित, अलिखित कुरो होईन र भाषा र बोलीमा विश्वास गर्छौ र भोली त्यो कार्यान्वयन पक्षमा आउनु जरुरी छ । सरकार दृढताका साथ भोली आउछ भन्ने कुरा आशा र विश्वास गर्दै आफ्नो भनाई यहि टुंग्याउछु धन्यवाद ।

**माननीय सुशिला बुढाथोकी** :- माननीय सभामुख महोदय धेरै दिन अवरुद्ध पश्चात सदन चलेको छ । २०७६।०७७ को बजेट आई सकेपछि रातो किताबमा आई सकेपछि कुनै ठाउँहरुमा रातो किताब जलाईएको थियो कसै कसैले मन्त्रालयमा लगेर बुझाईएको पनि थियो त्यस पश्चात पनि सरकारले धेरै मिहनेतका साथ धेरै मेहनत र कोसिसका साथ सदन चलाउन सफल हुनु भएको छ म सरकारलाई धन्यवाद दिन चाहान्छु र यो बजेट नीति तथा कार्यक्रम ल्याउदा धेरै राम्रो ल्याईएको थियो र बजेट आउदा त्यो अनुसारको बजेट आएन त्यस कारणले यहा बजेट ल्याउदा धेरै चाहि क्षेत्रहरुमा जिल्लागत हिसाबमा राम्रो बजेट आएता पनि क्षेत्रगत हिसाबमा बजेट धेरै

तलमाथि भएको मैले अध्ययन गर्दा देखेकी छु त्यस कारणले गर्दा म यो बजेटमा सरकारलाई के अनुरोध गर्न चाहान्छु भनि जुन क्षेत्रहरुमा धैरै तल माथि परेको छ ती क्षेत्रहरुलाई समान रुपमा मिलाएर लैजान म सरकारलाई अनुरोध गर्न चाहान्छु र यो बजेट अहिले जुन ल्याएको बजेटहरु छ यहा सांसदहरु मैले बुझे अनुसार देखे अनुसार सांसदहरुले थोरै मन खुम्च्याएको छ त्यस कारणले गर्दा खेरि बजेटमा सन्तुलित खालको बजेटहरु चाहि अझ पनि सरकारले सांसदहरुको अनुरोध स्वीकारेर ल्याउनु भयो भने धैरै राम्रो हुने छ भन्ने पनि म यहा राख्न चाहान्छु र अर्को कुरा अहिले एउटा मन्त्रालयको बजेट चाहि रातो किताबमा धैरै देखिएको छ र त्यो पनि असन्तुलित देखिएको छ त्यस कारण हामी रोष्टममा आएर बोली रहदा के पर्ला भनि एउटा चाहि मन्त्रालयको विरोध गरे जस्तो लाग्छ तर त्यो त्यसरी होईन हामी के भन्न चाहान्छौ भने अहिले हेर्दा सरसरति हेर्दा खेरि एउटा मन्त्रालयको बजेट मात्रै त्यस्तो आएको छ । निकै नै तल माथि आएको छ त्यस कारणले फेरी म यो बजेटलाई चाहि सन्तुलन मिलाउन अनुरोध गर्दछु र अन्य मन्त्रालयको बजेटहरु चाहि जुन डल्लो तरिकाले राखिएको छ ती बजेटहरुलाई पनि समान सबै सांसदहरुको समान हैसियत हुने गरि बजेटलाई ब्रेकडाउन गरियोस भन्ने कुरा पनि म राख्न चाहान्छु र अन्तमा म यस सरकारलाई के भन्न चाहान्छु भनि यो बजेट जति जे भएता पनि अब आउने दिनहरुमा सांसदहरुलाई मिलाएर लैजानको लागि म अनुरोध गर्दै लास्टमा बजेट अघि एकजना साथिले भनेर जानु भएको छ यो रिसाउदा नि आफ्नै खुशि हुदा नि आफ्नै त्यो कुरालाई म समर्थन गर्न चाहान्छु । जहा झगडा हुन्छ त्यहा माया तगडा हुन्छ हामी रिसाए पनि यहाकै खुसाए पनि यहाकै त्यस कारणले गर्दा सांसद र मन्त्रीमा चाहि यस्तो दुरिहरु नदेखियोस भन्ने कुराहरुलाई राख्दै म यो बजेटको फेरी समर्थन गर्दै मेरो भनाई यहि अन्त गर्दछु धन्यवाद ।

**माननीय डिल्लीराज पन्त** :- माननीय सभामुख महोदय, धैरै दिनको सदन अवरोध पश्चात आर्थिक बर्ष २०७६।०७७ को बजेट माथिको छलफल प्रारम्भ भएको छ र प्रारम्भ कै बेलामा प्रारम्भकै वक्ताबाट लोकप्रिय सरकार र यसको लोकप्रिय बजेट भन्ने उधघोस भएर यसलाई एउटा अलंकार दिइएको छ र यो सरकारले बास्तवमै लोकप्रियता प्राप्त गरोस भन्ने म चाहाना गर्दछु । आफ्नो तर्फबाट पनि आफ्नो पार्टिको तर्फबाट पनि ता पनि बजेटका विषयमा धैरै कुरा भैराख्याछन्, आई राख्याछन् किताब पोलेका कुराहरु आइराछन्, २५ जनाको सिग्नेचरका कुरा आईराख्याछन् यि जम्मै असन्तुष्टिका कुराहरु पनि छन् यि असन्तुष्टि भित्र पनि लोकप्रियता हासिल गरिराछ सरकारले सरकारलाई धन्यवाद दिन चाहान्छु । अब म यो प्रदेशको लागि हामीले गर्ने कसरी भन्ने विषयमा एउटा म सानो कुरा राख्न चाहान्छु । हामी प्रत्येक पार्टिका व्यक्तिहरु, सभासदहरु र विशेष गरेर सत्ताधारीहरु हामी सबै राष्ट्रवादी छौ राष्ट्रको लागि मरिमेट्न तयार छौ धैरै राम्रो कुरा हो तर हामीमा देशभक्तिको कमी छ राष्ट्रवाद र देशभक्त छुट्टैछुट्टै कुरा हुन । अर्को राष्ट्रबाट आफ्नो राष्ट्रलाई छुट्टै देखाउनु, विशेष देखाउनु राष्ट्रवाद हो र आफ्नै देशका लागि आफ्नै देशको जनताका लागि केहि गर्नु यो प्रति माया प्रेम हुनु त्यो देशभक्ति हो म यहा देशभक्ति यो सरकारमा मैले देखेन यहा मात्र देखेन मैले केन्द्रमा समेत देखेन एकचोटि राष्ट्रवादको हावाहुरी चल्यो त्यसपछि देशभक्ति हरायो उदाहरणका लागि हाम्रो नेपाल भित्र

भारतबाट विषक्त तरकारी आई राख्या छ त्यो पूर्व मात्र होईन यता पनि आईराख्या छ । हामीले प्रयोगशालामा त्यसलाई जाचेर अनि त्यसलाई भित्राउने कुरा भया थियो र पछि कहाबाट हो अदृश्य ठाउँबाट कहा चिठ्ठी आयो भन्ने सुन्छटु त्यो परिक्षणका कुराहरु रोकिए र म त्यो परिक्षणलाई पुनः चालु गरियोस त्यहा मात्र होईन हाम्रो यो सुदूरपश्चिम प्रदेशमा आउने तरकारीमा पनि यो परिक्षण गरियोस भन्ने म सरकारसँग माग गर्न चाहान्छु । त यो मैले भन्न खोजेको के देशभक्ति हामीमा हुनुपर्छ अनि जनताप्रति उत्तरदायि हुने हामीमा भावना आउछ सबैले सुनेका कुरा हुन म फेरी एकचोटि दोहोऱ्याई दिन्छु । अमेरिकाको पूर्व राष्ट्रपति जर्नअफ क्यानेडि उहाको एउटा बडा घतलाग्दो भनाई छ देशले तिमिलाई के दियो यो नसोध तिमिले देशलाई के दियौ यो सोध भन्ने कुरा जो उहाले भनेका थिए त्यो अब हामीले यहा लागु गर्नु पर्ने हुन्छ कि मैले देशलाई के दिए, मैले जनतालाई के दिए भन्ने कुराहरु हामीले अब बुझ्नुपर्ने हुन्छ तर यो सरकारका सबभन्दा ठुलो कमजोरी मैले के देखे भन्दा खेरि यले आफ्ना योजनाहरुको क्याटागोरी गर्याछैन हामीले नीति तथा कार्यक्रम हुदाखेरि नि यि कुराहरु राखेका हौ र भनेका पनि हौ यसलाई तीन भागमा बाडिदिने अल्पकालिन, मध्यकालिन र दिर्घकालिन र हाम्रै बजेट आउदा खेरि नि अल्पकालिन यो, मध्यकालिन यो, दिर्घकालिन यो भनेर छुट्याएको भए बराबर हुन्थ्यो तर कनिका छर्या जस्तै छरेको छ र अर्को सालमा हामीले यसको मुल्यांकन गर्नुपर्ने, समिक्षा गर्नुपर्ने हो भनेपछि कुन आधारमा गर्ने भन्ने कुनै हामी आधार देख्दैनौ देशको लागि दिर्घकालिन, जनताको लागि दिर्घकालिन हामीमा देशभक्ति भैदिएको भए अघिल्ला माननीयजीले भन्या जस्तो प्रधानमन्त्री रोजगार कार्यक्रममा घास उखेल्ने, गाई धपाउने, बादर धपाउने कार्यक्रमहरु आउदैनथे उनिहरुका लागि जो गाई धपाईराखेका छन्, जो घास उखेलिराखेका छन् उनिहरुको जीविकाका लागि बर्षौ सम्म चल्ने जीविकाको लागि प्रयास गर्या भए प्रधानमन्त्री रोजगार कार्यक्रमको सफलता मानिन्थ्यो तर त्यहा पनि देशभक्ति देखिएन र सुदूरपश्चिमको यो सरकारमा त अझै म एउटा देशभक्तिको एउटा नमुना के दिन चाहान्छु भने बारामा हावाहुरी आउदा खेरि यो सरकारले दुई करोड रुपैया दिने भन्ने तुरुन्त हल्ला गरिदियो दियो दिएन मलाई थाहा छैन तर आफ्नै सुदूरपश्चिममा हावाहुरी आउदा खेरि एक रुपैया पनि दिएको देखिएन यो हाम्रो यहाको सुदूरपश्चिम प्रदेशप्रति यो सरकारको देशभक्ति हामी यहा देखिराछौ तर एउटा कुरा उठेको थियो कि हामी माननीयहरुले २-२ दिनको आफ्नो तलब यो हावाहुरी आएको ठाउँमा दिने भन्ने कुरा आया थियो त्यो माननीयको तलबबाट आएको त्यो माननीयले दिएको भो सरकारले के दियो यहा पनि दुईजना मरेका छन् म ती नीधन भएकाहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र यसको लागि सरकारले तुरुन्तै अविलम्ब बाराका लागि हामीले देशभक्ति देखाउन मिल्ने, मायाप्रेम देखाउन मिल्ने आफ्नै क्षेत्रका जनतालाई हामीले देखाउन नमिल्ने किन होला अहिले यो धान लगाउने टाईम आएको छ समय आएको छ । किसानहरु मल नपाएर हाहाकार गरिराखेका छन् हामीले त्यो देशभक्ति किन देखाउन चाहेनौ जनतासँग एटेचमेन्ट किन हुन सकेनौ सरकारको लोकप्रियताको कुरा गरिराछु र यसको सँगसँगै यो सरकारले ल्याएका यो जो बजेट छन्, नीति छन्, कार्यक्रम छन् यि पनि जम्मै मनगणन्ते जस्ता लागे किन लागे भनेपछि

यहा माननीयहरुले दिएका योजनाहरु त काहि समावेशै छैनन के पक्ष के प्रतिपक्ष सबैको एउटै गुनासो छ त्यस बाहेक पनि स्थानीय निकायसँग पनि यिनिहरुको समन्वय भएको यो सरकारको समन्वय भएको देखिदैन हामी योजना कहाबाट ल्याउछौ । यो सरकारले जो योजना बनाउछ कहाबाट बनाउछ, कुन आधारबाट बनाउछ, कोले दिन्छ योलाई योजना स्थानीय निकायसँग समन्वय छैन, केन्द्रसँग समन्वय छैन, माननीयले दिएको योजना राख्याछैन त योजना आए कहाबाट हामीलाई यसको पनि जवाफ दिनुपर्ने हुन्छ र यहि असन्तुष्टि चाहे किताब पोलिने कुरामा होस, चाहे हस्ताक्षरको कुरामा होस यहि असन्तुष्टि देखिएको हुन्छ । अघि एकजना माननीयजीले भन्या जस्तो हामीसँग गौरवका योजनाहरु छन् । केन्द्र सरकारले हामीसँग गौरवका योजनाहरु बनाईदिया छ तर हामी त्यसमा हामीहरुको कुनै देन देखिदैन मेरो घरमा आएर कसैले मेरो घर सिघारदिन्छ तर त्यो घरलाई म अझ थप राम्रो बनाउन सक्दैन कोहि बाहिरबाट आवस उले बनाईदियोस, केन्द्रले आवस उले बनाईदियोस भन्ने हामी चाहान्छु किन चाहान्छौ हामीले आफ्नो काम आफै किन नगर्ने एमालेको सरकार हुदा खेरि आफ्नो गाउँ आफै बनाऔ भन्ने लोकप्रिय नारा लिएर उसले सरकार चलाएको थियो र लोकप्रियता हासिल पनि गरेको थियो हामी आफ्नै सुदूरपश्चिम आफै किन नबनाऔ केन्द्रबाट तिमि बनाईदेउ हामी बसिराख्छु भन्ने सेती जलविद्युतका कुराहरु आए, विभिन्न मार्गका कुराहरु आए यि बाहेक पनि यहा बनजंगल त्यो संरक्षण आरक्षणहरु छन् उनिहरुका कुराहरु छन् हामीले आफ्नो लागि आफु प्रयास किन नगर्ने भन्नेमा प्रश्न गर्न चाहान्छु । त्यस बाहेक हामी आखाँ चिम्लेर बसेका छौ केन्द्रले गरेका कुराहरु, कामहरु कति सम्मको गर्यो भन्ने त्यसको अनुगमन गर्ने कुनै ठाउँ छैन यो सिक्स लेनको कुरा गरौ म कमसेकम मन्त्रीजीहरुलाई एउटा अनुरोध के गर्न चाहान्छु भनेपछि एकचोटि मोटरसाईकलमा जाऔ हिनेर नजाऔ आजभोली नै जाऔ पानि परिराख्या बेलामा जाऔ त्यो बाटो जनताले कस्तो सास्ती भोगीराछन् थाहा हुन्छ । धुलो हुदा खेरि त धुलो हुन्थ्यो अब हिलो त झन यति भयानक छ कि बरु धुलै भैदिया भए हुन्थ्यो जस्तो लागिराछ म अनुरोध गर्छु सरकारलाई कमसेकम मोटरसाईकलमा जाने गाडिमा जाने होईन फेरी त्यो चोरी मानिन्छ त्यस कारण हामीले पटक पटक भनेका हौ यो खुटिया सडकलाई पिच गरिदिनुस केन्द्रले आफ्नो मातहतमा लिएको भएता पनि उ सँग समन्वय गरेर गर्नुहोस कमसेकम आधा ट्राफिक यता आउथ्यो । जनताले केहि भए पनि राहात पाउथे तर सरकारबाट यि कुराहरु पनि भएनन र यो हामीले यो सुदूरपश्चिममा आयात मात्रै गर्या छौ निर्यात गर्ने कुनै हामीसँग यो बजेटमा पनि थिएन यो नीति कार्यक्रममा पनि थिएन म पंचायत कालको एउटा कुरा भन्छु सन् १९७५ मा म धान चामल कम्पनीको चामल लगेर भारतको केरला गएको थिए कालिकट भन्ने ठाउँमा त्यहा कैलालीबाट आएको चामल यो नेपाल भरीको चामल भन्दा उत्कृष्ट मानिन्थ्यो त्यसमा पनि सब भन्दा उत्कृष्ट गौरीफण्टा नाका त्यसपछि तिकुनिया नाका यि नाकाबाट गएका चामल चाहे त्यो महेन्द्रनगरबाट आएको होस या बारा पर्साबाट आएको होस तर यो नाकाबाट गएको चामललाई उत्कृष्ट मानिन्थ्यो त्यस्तै यहाबाट बंगलादेशमा मसुरो जान्थ्यो पंचायती कालमा त हामी निर्यात गर्थेउ आजभोली हामीले निर्यातका कार्यक्रमहरु पर्ना हामीले छोडि दिएका छौ र आफ्नो

आम्दानी बढाउनको लागि हाम्रा अर्थमन्त्रीज्यूले भन्नु भा छ हामीले खाली ८२ करोड मात्र यहा आम्दानी गर्न सक्छौ केन्द्रलाई दिन सक्छौ या हामीहरुको आय त्यो हो तपाईहरु नाका खोल्नुस न भारतसँग हुने सबै नाकाहरु खोल्नुस केन्द्रसँग समन्वय गरेर चिन तर्फका खोल्नुस सामान ओहोरदोहोर हुन्छ, मान्छे ओहोर दोहोर हुन्छ, पर्यटन ओहोर दोहोर हुन्छ आफै आम्दानी बढ्छ यहा करका दायरा खोज्नका लागि जनताको कुन गोजीमा कति करोड लगाउने, कुन गोजीमा कति करोड लगाउने यस्ता कर खोज्नु भन्दा पनि बरु त्यस्ता कर खोजेर आफ्नो आम्दानी बढाउन म अनुरोध गर्दछु र अन्तमा यहा बजेटको कार्यान्वयन पक्ष सबल हुनुपर्छ एक र अर्को कुरा हामीले खर्च गर्यौ, कति रुपैया खर्च गर्यौ कतिको बजेट ल्यायौ यि कुराहरु मायुरिटिमा छन् यि कुराहरुलाई त्यति बल दिनु हुदैन बल केमा दिनुपर्छ भनेपछि हामीले जो खर्च गरेका छौ विकासका क्रममा जनताका लागि त्यो कति उपलब्धीमुलक भएको छ। हामीले खर्च त गर्यौ तर उपलब्धी भएको छैन त्यो खर्च गरेको कुनै अर्थ रहदैन जस्तै अघि एउटा प्रधानमन्त्री रोजगार कार्यक्रमका कुराहरु आए यस्ता यस्ता अरु अरु कुराहरु पनि छन्। हामीले कार्यान्वयन पक्षमा सबभन्दा बढी जोड दिने र आफ्नो कार्यक्रमलाई उपलब्धीमुलक बनाउने जनतासँग अटेचमेन्ट हुने बनाउने भन्ने म अनुरोध गर्दै विदा हुन चाहान्छु धन्यवाद।

**माननीय पुर्णा जोशी** :- माननीय सभामुख महोदय विनियोजन विधेयक २०७६ को प्रदेश सरकारको २०७६ आषाढ १ गते प्रस्तुत भएको बजेट छलफलको क्रममा लामो समय अवरुद्ध भयो हिजो देखि बल्ल हामी बजेटको छलफलमा प्रवेश गरेका छौ प्रदेश सरकारको बजेटमा छलफल गरिरहदा खेरि म शुरुमा एउटा होटेलमा लेखिएको एउटा सानो टिप्सबाट मेरो भनाई शुरु गर्छु। बाराको एउटा होटेलमा गएको थिए बाहिर निस्किदाखेरि ढोकामा लेखिएको रहेछ मेरो सेवा मनपरे अरुलाई सेवा मन नपरे मलाई नै भन्नुस भनेर लेखिएको रहेछ त्यसैले गर्दा खेरि प्रदेश सरकारले बजेटमा गरिएको व्यवस्था मन परेको भए यो सदन मार्फत आम संचार माध्ययमबाट सबैबाट बाहिर प्रशारित हुनेछ त्यो सकारात्मक कुरा हुनेछ यदि कतै करेक्सन गर्नुपर्ने किसिमका सुझाव भएछन् भने प्रदेश सरकारलाई त्यो सुझाव हुनेछ प्रदेश सभा मार्फत त्यसरी नै बुझिदिनको लागि अनुरोध गर्दै म मेरो छलफलमा प्रवेश गर्न चाहान्छु। यो प्रदेशका करिब करिब अब जनगणनाले २८ लाख जनसंख्या देखाउने छ हामीले बारम्बार तीनवटा बजेट एउटा अल्पकालिन बजेट दुईवटा पूर्णकालिन बजेटमा यो दोस्रो बजेटमा छलफल गर्न गइरहेका छौ। नीति कार्यक्रममा छलफल गर्यौ त्यसमा छलफल गरिरहदा खेरि मेरो आसयको केन्द्र एउटै हुन्छ त्यो २८ लाख जनसंख्यालाई कसरी हामी सेवा प्रवाह गर्छौ स्वभावैले हाम्रो बजेटको आकार सानो छ त्यो बजेटको आकार ठुलो बनाउने कुराहरु हाम्रा योजनाले तय गर्छ। सानोमा हामी गरिब छौ भनेर थोरै छ भनेर हामीले त्यसमा धेरै बनाउनु पर्छ भनेर हाम्रो जिकिर होईन तर हाम्रो जिकिर कहानिर हो भने यो भएको बजेटलाई पनि हामी कसरी जनता माझ समानुपातिक तरिकाले बनाउछौ न्यायोचित तरिकाले वितरण गर्छौ हाम्रा योजनाहरु त्यसरी कसरी बन्छन भन्ने कुराहरुको केन्द्रमा रहेर हामी छलफलमा छौ त्यसैले गर्दाखेरि हामीले प्रदेशमा सुशासन विधेयक पारित गरेर ऐनका रुपमा आईसकेको छ। प्रमाणिकरण भैसकेको विधेयक छ। हामीले बारम्बार

भनेका थियौ सरकारलाई हामीले भनेका छौ धेरै हदसम्म त्यो कुराहरुमा सरकार अगाडि बढेको पनि देखिन्छ तर सुशासन विधेयकले सबै यो प्रदेशका योजनाहरुको अन्तिम प्रमाणित गर्ने त्यसलाई सिफारीस गर्ने भूमिका र त्यसको जवाफदेहिता यो प्रदेशका माननीय सांसदहरुलाई दिएको थियो त्यो यस पटक पनि अलिकति कमजोरी छ त्यो हुन सकेको छैन योजनाहरु समानुपातिक रुपले वितरण नहुनु, न्यायोचित तरिकाले वितरण नहुनुमा त्यो एउटा कारक बन्न गएको छ यसलाई प्रदेश सरकारले गम्भिरता पूर्वक लियोस भन्ने म चाहान्छु । त्यसैमा त्यो २८ लाख जनसंख्यामा १३ लाख जति महिलाहरुको जनसंख्या छ । बालिकाहरुको जनसंख्या छ विकासका हिसाबले सार्मथ्यका हिसाबले सबै हिसाबले पछाडि परेको महिलाहरुको विकासको निमित्त ठोस योजना प्रदेश सरकारसँग भएन वितमा हामीले भनेका थियौ द्वारिका देखि ठकुरानी महिला सशक्तिकरण कार्यक्रमको एउटा स्थापना गरेर त्यसै मार्फत महिलाहरुको निर्वाचित महिलाहरुको थ्रु निर्वाचित संस्थाहरुको माध्यमबाट त्यो महिला विकासको कार्यक्रमहरु जानुपर्छ भन्ने कुराहरु गरेका थियौ । त्यो त्रुटिपूर्ण भयो कार्यान्वयनमा त्यसलाई सच्याउनका लागि यो प्रदेश सभाबाटै एउटा सरकारलाई अनुरोध गरेका छौ । त्यो कार्यक्रमको निरन्तरताको रुपमा मोटो अक्षरमा कहि लेखिएको पाइएन । महिला सशक्तिकरणको कार्यक्रम निरन्तरता दिन भनिएको छ । कुन कार्यक्रमको निरन्तरता हो भन्ने कुरा देखिएको छैन यसमा पनि त्यो मोटो अक्षरले नै हाईलाईट गरेर नै यो द्वारिका देवि ठकुरी महिला सशक्तिकरण कार्यक्रम हो यसका निमित्त हामीले दोब्बर बजेट व्यवस्था गरेका छौ अथवा त्यो बजेट अहिलेको व्यवस्था गरेको भन्दा दोब्बर विनियोजित गर्नका लागि मैले सरकारलाई आग्रह गर्न चाहान्छु । त्यस्तै गरिकन निर्वाचन क्षेत्र विकास कोष पूर्वाधार कोषको कार्यक्रम कार्यान्वयन गर्दा खेरि अहिले त्यसलाई ३ करोडमा पुर्‍याईएको छ त्यो ३ करोड पुर्‍याउदा खेरि निर्णय प्रक्रियामा कसको सहभागिता हुने भन्ने कुराहरु अहिले पनि क्वेसनको विषय छ । धेरै जस्तो माननीयज्यूले धेरै जसो ३२ वटा निर्वाचन क्षेत्रमा त्यो क्षेत्रबाट निर्वाचित हुने समानुपातिक निर्वाचन प्रणालीबाट आएका माननीयज्यूको पनि सहभागिता गर्नु भएको होला म मान्दछु तर धेरै ठाउँमा त्यो अहिले पनि कार्यान्वयनको अवस्था के छ भन्ने कुराहरु त्यो अनुसन्धान गर्नुपर्छ, त्यो अध्ययन गर्नुपर्छ । त्यसका सिफारीसका आधारमा मात्रै त्यसलाई राख्ने, बढाउने अथवा खारेज गर्ने निर्णय लिनुपर्छ भन्ने कुरा मैले नीति कार्यक्रममा बोल्दा भनेको थिए यो कुराहरुलाई अझै पनि त्यतातर्फ ध्यान दिनको लागि म प्रदेश सरकारलाई आग्रह गर्न चाहान्छु । मैले बारम्बार उठाउदै आएको विषय हो प्रदेशको गुरुयोजना छैन, प्रदेशमा एउटा योजना आयोग छैन, प्रदेशको आफ्नो निश्चित क्यालेन्डर छैन त्यसैले गर्दा खेरि हिड्न त हिड्न खोजि राख्या छौ तर भौतारि राख्या छौ कहि अलमलिया छौ समयमा पुग्न सक्या छैनौ त्यसैले गर्दा खेरि यो आर्थिक बर्षमा प्रदेश सरकारले ल्याएको छ नीतिमा समावेश छ हामी योजना आयोग बनाउछौ भन्ने कुराहरु गरेको छ समयमै अहिलेका योजना कार्यान्वयन गर्नको लागि र नयाँ योजना छनौट गर्नका लागि पनि यो आर्थिक बर्षमा एथाशक्य चाडो योजना आयोगको मैले माग गर्न चाहान्छु र त्यो नभएको अवस्थामा हामी चाहि क्यालेन्डर अनुसार छैन कुन विकास कहिले सम्म गर्ने, कसको कार्यान्वयन, कसको

समिक्षा कहिले गर्ने भन्ने खालका कुरा छैन म त शिक्षण पृष्ठभुमिबाट आएको हुनाले योजना दैनिक योजना बनाउथियौ, बार्षिक योजना बनाउथ्यौ, ६ मासिक योजना बनाउथ्यौ र त्यसको कार्यान्वयनको आधारमा हामीले चाहि विद्यार्थीहरुलाई अपडेट गर्ने अथवा त्यहि ठाउँमा राख्ने अथवा के गर्ने भन्ने कुराहरु हुन्थ्यो यो क्यालेन्डरमा विश्वास गर्छु मैले त्यस कारणले गर्दा खेरि सरकारले क्यालेन्डर बनावस कुन काम कहिले सम्म गरिसक्ने त्यसको जवाफ देहिता कसले लिने, त्यसको अनुगमन कसले लिने भन्ने खालको कुराहरु सहित किटान गरेर एउटा क्यालेन्डर निर्माण गरोस भन्ने कुराहरु म राख्न चाहान्छु । हामीले उठान गरेका थियौ प्रदेशका केहि गौरवका योजनाहरु छन् । विगतमा हामीले भनेका गौरवका योजनाहरु यतिखेरा हाईलाईट्समा परेका छैनन यद्यपी नीति कार्यक्रमले त्यसलाई चाहि निरन्तरता दिने भनेर भनेको छ । जस्तो यो सेती महाकाली करिडोसको कुराहरु भयो , खुटिया दिपायल फास्टट्राकको कुराहरु जोडिएको छ अहिले डिपिआर गर्ने भन्ने कुराहरु गरिएको छ त्यस्तै गरिकन हामीले उठान गरिएको कुराहरु हामीले दुखछ हामीले प्रत्येक दिन जसो श्रद्धाञ्जली, समवेदनाका कुराहरु लेखि राख्या हुन्छौ हामीले ट्रमा सेन्टरका कुराहरु गर्याछौ पहाडि रुटमा एउटा हाईवे राजमार्गमा एउटा ट्रमा सेन्टर बनाईयोस भनेर भनेका थियौ हिजो मात्रै ट्याक्टर दुर्घटना भा छ १५ जना घाईते भा छन्, सर्पदंसबाट मान्छेहरु विशालु सर्पको टोकाईबाट मान्छे मर्याछन्, करेन्ट लागेर मर्याछन् दिनहु जस्तो पहाडि क्षेत्रमा चाहि दुर्घटना भैराछन् त्यसको अवतार कहा गराउने काठमाण्डौको ट्रमा सेन्टरमा एउटा आम गरिब मान्छेहरुको पहुच त्यहा सम्म हुन्छ कि हुदैन भन्ने कुराहरुमा हामीले ध्यान दिन जरुरी छ । त्यसैले गर्दा खेरि प्रदेशका निमित्त अरु कसैले गरिदिदैन हामी आफैले गर्नुपर्छ गरेका छैनौ भने पनि करेक्सन गरेर बनाउने ठाउँ छ त्यो कुराको निमित्त मैले सरकारलाई ध्यानाकर्षण गराउन चाहे । त्यस्तै गरिकन मैले दुईवटा कुराहरुमा गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु । हाम्रो आय गरिबी अथवा सार्मथ्य गरिबी कुन गरिबी हो हामी कुनको रेखामुनि परिराख्या छौ । आय गरिबी अवस्य पनि हो मैले अघि पनि भने आय गरिबी छ हाम्रो सानो आकारको बजेट छ त्यो गरिबको पछ्यौरी जस्तो हुन सक्छ । टाउको छोप्दा खेरि खुट्टा नाङ्गै हुने यो ढाड चाहि छोप्न खोज्दा खेरि उतापट्टी चाहि पेट नाङ्गै हुने अवस्था आउन सक्छ । त्यसैले गर्दा खेरि खुम्चीएर सोच्नुपर्ने अवस्था छ हामीले सबै कुराहरु ढाक्ने हो भने खुम्चिनु पर्ने अवस्था छ । हामीले कार्यक्रमहरुमा खुम्चिएका छौ । ठिक छ खुम्चिदा खेरि पनि आनन्द छ तर खुम्चिदा खेरि सार्मथ्यको गरिबी हुनुभएन मनको गरिबी चाहि हुनुहुदैन अहिलेको बजेटको वितरण चाहि कतै कतै यो किसिमको त्रुटि रहयो कि त्यहा सम्म ध्यान पुर्याउदा खेरि छलफलमा जान सकिएन कि भन्ने कुराहरु चाहि देखिएको छ त्यस कारणले गर्दा खेरि फलानाको निर्वाचन क्षेत्रमा यति पैसा गयो भन्ने कुराहरु मिडियाबाट आई राख्या छ यसरी नभनि दिनको लागि मैले मिडियालाई पनि आग्रह गर्न चाहान्छु । कसैको नीजि निर्वाचन क्षेत्र होईन ३२ निर्वाचन क्षेत्रमा फलानो पावरवाला देखाउने फलानो कमजोर देखाउने किसिमले पनि यहाहरुले नगरिदिनुस बजेट असन्तुलित भा छ सन्तुलित बनाउनुपर्छ कुनै योजनाहरु ठाउँ ठेगाना नपरेर गएका छन् तिनिहरुको तत्काल ठाउँ ठेगाना खोल्नु पर्छ नत्र भने त्यहि गाउँ, त्यहि नाउ धेरै

जसो जातका नामबाट गाउँहरु राखियाछन् धेरै जस्तो ठाउँ यि ठाउँहरु समान छन् सुदूरपश्चिममा अर्काले हस्तक्षप गरिदियो भने के हुने त्यहा पनि फेरी पावरवालाहरुको चाहि विकविकि हुन सक्ने अवस्था छ । मैले सके मैले लाने अर्कोले सके अर्कोले लाने त्यसैले गर्दा खेरि ठेगाना नभएका योजनाहरुमा पनि समयमै त्यसको खोजविन गरेर कसले सिफारीस गर्या हो, कुन ठेगाना हो भन्ने खालको कुराहरु गर्नु जरुरी छ भने हाम्रो सार्मथ्य चाहि अलि कति विचार, अलिकति फाराकिलोपन यो बजेटले खोजेको छ । अहिलेको वितरणले खोजेको छ । कतिपय ठाउँमा नजानुपर्ने ठाउँमा समान प्रकृतिका चाहि योजनाहरु असमान ढंगले गएका छन् यो कुराहरुलाई कसरी करेक्सन गर्न सकिन्छ फेरी पनि सरकारलाई समय छ भन्ने कुराहरु म राख्न चाहान्छु । त्यस्तै मैले अब यो बर्षको लागि सरकारले दुईतिनवटा कुराहरुमा उद्धारता देखावस एउटा मैले ५-६ जनालाई जो रोजगारी दिएको छु भनेर कुनै चाहि उद्योगधन्दाले कसैले भन्छ, नीजि क्षेत्रले भन्छ भने त्यसलाई ईन्सेन्टीभको व्यवस्था गरियोस मुल रुपमा यो क्षेत्रको यो प्रदेशको समस्या भनेको बेरोजगारी हो रोजगार दिने वालालाई ईन्सेन्टीभ दिनेमा सरकारले घोषणा गरोस । किसानले मैले ५ कुन्टल कोदो निर्यात गरेको छु भन्ने किसानहरुलाई चाहि ईन्सेन्टीभ दिईयोस लेखेरै ईन्सेन्टीभ दियोस सार्वजनिक रुपमा सम्मान गरोस निर्यात प्रोभलोम हो आयातको समस्या हो हामीले भारतिय तरकारी नाकामै हामीले रोक्न सकेनौ तर हाम्रा घर भित्रिनको लागि रोक्नका लागि हाम्रै किसानहरुलाई हामीले सशत्त पार्नुपर्ने हुन्छ त्यसैले किसानहरुको सशक्तिकरणको कुरा उनिहरुलाई ईन्सेन्टीभ दिने कुरा उइलपावर गर्ने कुराहरु बजेटले ल्यावस भन्न चाहान्छु । अर्को कुराहरु कर तिर्ने कुराहरुलाई गौरभाङवित कसरी गराउने कर छलिका कुराहरु छन् करको दायरा एउटा चाहि फराकिलो हुन सक्या छैन मान्छेले करतिर्ने कुराहरुलाई गौरवको अनुभुति गर्न सक्या छैनन । कर छल्ने मान्छे पावरफुल एकदम त्यो पावरबाट जाने कुरा चाहि पावरफुल हुने कुराहरुलाई निरुत्साहित गर्नको लागि करको दायरा फराकिलो गर्ने, किसानहरुलाई कम कर लगाउने, मेहनतिहरुलाई बास्तवमा राज्य कर तिर्ने मान्छेलाई सम्मानित गर्ने कुराहरु यो प्रदेशको समृद्धिसँग जोडिन्छन् । त्यस्तै गरिकन अर्को कुराहरुमा मैले अन्तिममा सरकारलाई अनुरोध गर्न चाहान्छु प्रदेशको बजेट आकारमा पनि फराकिलो हुदै गएको छ यो प्रदेशको विकासको निमित्त पनि यसले यो बर्ष धेरै हदसम्म प्रदेशका सडकहरु ७ मिटर लामा भाछन्, छुट्टै चिनिन्छन् प्रदेशका सिंचाई योजना छुट्टै चिनिन्छन् यो कुराहरुमा गुणस्तर छ यसलाई निरन्तरता दिनको लागि बजेटमा भएका त्रुटिहरु माननीय सांसदज्यूहरुले नीति तथा कार्यक्रम र बजेटमा प्रस्तुत गरेका छलफलको आधारमा फेरी पनि सरकारले यि करेक्सनहरुलाई स्वभाविक रुपमा लिएर यि करेक्सनहरु गरोस र यो बर्षको बजेट अत्यन्त लोकप्रिय, अत्यन्त कार्यान्वयनमुलक होस भन्ने कुराहरु चाहान्छु र अन्तिममा यो बजेटको पक्षमा समर्थन जनाउदै मेरो भनाई यहि अन्त्य गर्छु धन्यवाद ।

**माननीय मालामति कुमारी राना** :- माननीय सभामुख महोदय, हामी आर्थिक बर्ष २०७६।०७७ को बजेट सम्बन्धमा छलफल गरिरहेका छौ छलफल गर्नु भन्दा अगाडि जेष्ठ २३ गते भिषण हावाहुरीका पिडितहरुले अहिले सम्म राहात पाएका छैनन । बर्षाको झरी लागिकेको छ,

जनताहरु विचल्लीमा परेका छन्, जनताहरुले अहिले सम्म पिडित जनताहरुले त्रिपाल सम्म पनि पाएका छैनन जुन प्रदेश सरकारले घोषणा गरेको राहात कहासम्म पुग्यो यो सदनलाई जानकारी हुनुपर्छ र अहिले ९ जिल्लामा सर्प दंसको चाहि विकविकि बढेको छ सरकारले चाहि सर्पदंस उपचारको औषधिको लागि व्यवस्था गर्नु जरुरी छ । व्यवस्था छैन भने अकालमै मृत्यु गुमाउनु परिरहेको छ । उपचार गराउन कहा जाने त्यसको व्यवस्था सरकारले गर्नुपर्छ र जतातत्तै ९ जिल्लामा एकदमै दुर्घटना चाहि भैरहेको अवस्था छ । भर्खरै ट्याक्टर दुर्घटना भा को छ १५-२० जना चाहि घाईते भएका छन् । उहाहरुले अकालमै ज्यान गुमाउनु परिरहेको छ कि यो सरकारको कानून छैन यदि कानून छ भने त्यस्ता दुर्घटना गराउने व्यक्ति, ड्राईभरहरुलाई कानूनको दायरामा ल्याउनु पर्छ र यो दुर्घटनाहरुलाई कम गर्न र न्यूनिकरण गर्नका लागि म सरकारसँग अनुरोध गर्न चाहान्छु । माननीय सभामुख महोदय, विगतको बजेटमा म अलिकता जान चाहान्छु । २०७५।०७६ को बजेट भन्दा फरक मैले केहि देखेन तर वितको बजेट भन्दा अलि फराकिलो त आएको छ तर विगत आर्थिक बर्ष २०७४।०७५, ०७६ को बजेटमा सरकारले हामीलाई ठगेकै हो २०७६।०७७ को बजेट माथि हामीले विश्वास गरेका थिईम ५३ जना सांसदहरुलाई सम्मानजनक व्यवहार हुनेछ त्यसो हुन सकेन सरकार चाहि बारम्बार चाहि हामीलाई चाहि बार्तामा बोलाउने, हामीलाई चाहि ५३ जना सांसदहरुलाई मन्त्रालय, मन्त्रालयमा गएर गोष्ठि गराउने चियापान खुवाएर हामीलाई लोभ्याउने काम गर्ने तर बजेट वितरण गर्दा खेरि ५३ जना सांसदलाइ अपमान गरिएको देखिएको छ सभामुख महोदय यस पटक पनि सुशासन ऐन विपरित कार्यकर्ता मुखि, वितरण मुखि, कनिका छरेको, आसेपासे र मन्त्री र केहि पहुचवाला सांसदहरुलाई बजेट वितरण गरेको देखियो सभामुख महोदय, साच्चीकै भन्दा खेरि प्रदेशका मन्त्री, पिए र कार्यकर्ता भन्दा पनि हामी सांसदहरुको मर्यादा हैसियत गैगुज्रेको देखियो सभामुख महोदय, हामीले महसुस गरेका छौ जो चाहि हामीले पाउने चाहि बजेट थियो त्यो हामीले पाउन सकेनम हामी भन्दा पनि मैले भनिहाले मन्त्री र मन्त्रीका पिए कार्यकर्ताहरुको बढी बजेट देखिएको छ । सांसदहरुको बल्लतल्ल हैसियत भन्दा खेरि लाख सम्म पुगेको छ । गत बर्षको ०७४।०७५ र ०७६ को बजेटमा त सांसदहरुको लाख सम्म हजार सम्मको बजेट चाहि हैसियत पुगेकै थिएन अहिले बल्ल तल्ल लाख सम्मको त पुग्यो म सरकारलाई धन्यवाद दिन चाहान्छु तर मन्त्रीज्यूहरुका पिए, कार्यकर्ताको हैसियत करोडौको पुगेको छ यो चाहि प्रदेश सरकारको बजेटबाट नै पुष्टि भएको छ सभामुख महोदय कि कहि म सरकार सँग प्रश्न गर्न चाहान्छु कि कहि यि ईमान्दार सांसदहरु वि ग्रेडका हुन ? समानुपातिक सांसदहरु वि या डि ग्रेडका हुन त्यस कारण चाहि समानुपातिक सांसदहरुले बजेट नपाउनु ईमान्दार सांसदहरुले चाहि योजना विकास गर्नको लागि योजना नपाउनु उहाहरु भन्दा चाहि पुनः म दोहोराउन चाहान्छु उहाका कार्यकर्ता, पिएहरु चाहि करोडौका बजेटले चाहि विकास गरिरहेका छन् सभामुख महोदय कति विभेद सहने विभेद सहनि एउटा सीमा हुन्छ सीमा भन्दा ओभर विभेद भयो भएको हुनाले हामी बाध्य भएर चाहि आन्दोलन र हाउस हाउस अवरुद्ध गर्न पुगेका हौ सभामुख महोदय, अस्ति चाहि लोकप्रिय सरकार, लोकप्रिय प्रमुख सरकारको भाषणले एकदमै

मन छोयो कि मन दुख्यो बास्तवमा मन नै छोयो भन्ने म भन्न चाहान्छु । लोकप्रिय सरकारले एक एक हजारको जो राम्रो बजेट ल्याईएको छ एक एक हजारको बजेटले चाहि औलो रोग उन्मुलन देखि लिएर धेरै जसो रोगहरुको निर्मुलन गर्नको लागि छुट्याएको लोकप्रिय बजेटले चिया पसल देखि गाउँ, गाउँ, टोल, टोलले राम्रो चर्चा प्रसंसा पाएको छ सभामुख महोदय त्यस कारण म यो सरकारलाई धन्यवाद दिन चाहान्छु । सभामुख महोदय, सरकार र प्रतिपक्ष बीच एकदमै बारम्बार, पटक पटक चाहि सहमति भयो जुन यहा माननीयज्यूहरुले चाहि भनि राख्नु भा को छ आन्दोलन भयो, हाउस अवरुद्ध भयो, रातो किताब पनि जलाईयो त्यस कारण चाहि सरकारले हामीलाई पटक पटक एक पटक होईन कि दशौ पटक उहाले बार्तामा बोलाईयो अनि हल्ला के थियो भने प्रतिपक्षका कारणले चाहि हाउस बन्द छ । हाउस चलिरहेको अवस्था छैन बास्तवमा हामीले भित्रबाट बुझ्दा खेरि प्रतिपक्षको होईन कि सबै पक्षका कारणले चाहि यो हाउस अवरुद्ध भा को हो र सरकारले जुन हामीलाई प्रतिपक्षलाई बार्तामा बोलाएको छ सरकारसँग र प्रतिपक्षसँगको जो सम्झौता या सहमति जो भएको छ त्यो सरकारले अक्षर अक्षरमा कार्यान्वयन गर्न जरुरी छ । कार्यान्वयन हुन जरुरी छ । हाम्रो यो माग छ यदि कार्यान्वयन भएन भने फेरी अर्को केहि हुन सक्छ भन्ने म जानकारी गराउन चाहान्छु र सरकार र प्रतिपक्ष विच भद्र सहमतिको विषयमा माननीय मुख्यमन्त्रीले प्रदेश सभाको गरिमामय सदनलाई जानकारी दिनुपर्ने थियो तर सहमति देखिएन सरकारले केहि जानकारी नगराएको हुनाले सहमति कार्यान्वयन हुनमा हामीलाई संका छ सभामुख महोदय, जुन चाहि हामीले चाहेका थियौ आज माननीय मुख्यमन्त्रीज्यूले पक्कै पनि यो गरिमामय सदनलाई जानकारी गराउनु पर्ने छ सहमतिको विषयमा यो उहाले लुकाएर चाहि घुमाउरो पाराले जुन यहा आफु लोकप्रिय मन्तव्य यहा प्रस्तुत गर्नु भएको छ त्यो लोकप्रिय मन्तव्यमा चाहि हाम्रो एकदमै संका छ सभामुख महोदय माननीय सभामुख महोदय विगत आर्थिक बर्षमा मन्त्रीपरिषद्बाट पास भएका योजनालाई मनपरी ढंगले सरकारले फेल गरेकै हो, ठग्ने काम गरेकै हो हामी सबैलाई जगजाहेर नै छ । थुप्रै यस्ता उदाहरण हामीसँग थुप्रै छन् सभामुख महोदय विगतमा चाहि पंचायती कालमा हामीले स्वंय मैले आफै पनि नारा लाएकै हो हाम्रो राजा हाम्रो देश प्राण भन्दा प्यारो छ भन्ने त्यस कारण हाम्रो यो सुदूरपश्चिमको दुईतिहाईको बहुमतको सरकारले चाहि कुनै एउटा नारा लिएर आउनु भा को छ हाम्रो सत्ता, हाम्रो शासन, हाम्रो बजेट, हाम्रो .. जस्तो यो चाहि सरकार देखिएको छ । आगाम दिनमा हामीलाई विश्वास छ ५३ जना सांसदहरुको सम्मानजनक सम्मान व्यवहार हुनेछ सभामुख महोदय जुन ५३ जना सांसदहरुको सम्मान व्यवहार सरकारले गरेन भने यो आन्दोलन त हाम्रो शुरुवाद हो सभामुख महोदय, म यो गरिमा सदनमा जानकारी गराउन चाहान्छु । यो भन्दा पनि यदि ५३ जनाले सम्मानजनक व्यवहार पाईएन भने यो भन्दा बडा कदम चाल्न हामी बाध्य हुने छौ सभामुख महोदय, धन्यवाद ।

**माननीय महेश दत्त जोशी** :- माननीय सभामुखज्यू, २०७६।०७७ को बजेट यहि नियमानुसार आषाढ १ गते हाम्रो सदनमा प्रस्तुत भएको छ । २८ अरब, १६ कोड, ३० लाख, २० हजारको बजेट सुदूरपश्चिम प्रदेश जनताका लागि उचित बजेटको रुपमा प्रदेश सरकारले सुदूरपश्चिम

प्रदेश सरकारले तेस्रो बजेटको रुपमा प्रस्तुत गरेको छ । यो बजेट हाम्रो हैसियतले, प्रदेशको हैसियतले मुलुकको स्थितिले हाम्रा जनतालाई सम्बोधन गर्ने गरि आएको बजेट सुदूरपश्चिम प्रदेश सरकारको बजेटलाई म समर्थन गर्दछु र यसलाई सर्वसम्मत रुपमै पास हुन्छ भन्ने पूर्ण विस्वस्थ पनि छु । जनप्रतिनिधीको नाताले प्रदेश सभाका ३२ वटा निर्वाचन क्षेत्र मध्ये म पनि कंचनपुर जिल्लाको २ को (१) निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्यको हैसियतले केहि सुझावहरु यो बजेटमा म राख्ने अनुमति चाहान्छु । सभामुख महोदय जनताले विकासको लागि आशा गरेको, अपेक्षा गरेको बर्षौ बर्ष भैसक्यो राजनैतिक परिवर्तनहरु धेरै भए यो मुलुकमा धेरै किसमका राजनैतिक अभ्यासहरु, अली धेरै किसिमका सरकारहरु पनि हामीले व्यहोऱ्यौ तर जनताको आर्थिक स्थितिलाई सुधार गर्न सकेनौ मुख्य समस्या त्यहि हो । मुलुकको आर्थिक स्थितिलाई सुधार गर्न सकेनौ मुख्य समस्या त्यहि हो मैले पहिला पनि भन्ने गर्या थिए पंचायत काल पछि बहुदलिय व्यवस्था आयो २०४६ सालमा कांग्रेस र कम्युनिष्टहरु मिलेर त्यसमा एकजना कंग्रेसकै नेता हुनुहुन्थ्यो जसलाई सर्वोच्च नेता पनि भनिया थियो त्यो आन्दोलनमा पछि उहाको स्थिति के भयो त्यो भन्दा पनि उहाले भनेको कुरा के छ भने राजनैतिक परिवर्तन पछि आर्थिक क्रान्ति गर्नुपर्छ । यदि उहाले भनेका कुरामा त्यतिबेलाका सरकारहरु लागि दिएको भए यति लामो समय यो दु:ख पाउने थिएन हाम्रो मुलुकले, हाम्रो जनताले त्यतातिर नलागेर बरु आर्थिक अनियमिततातिर त्यतिबेलाका मन्त्रीहरुको लामो लिस्ट उच्च वहोदामा बसेका कतिपय अहिले पनि कारागारमा छन्, तारिकमा पनि छन् र कतिपय अहिले मरिपनि सक्या होलान भने त्यसरी आर्थिक अनियमिततातिर ती सरकारहरु गए त्यसले गर्दा जनतामा निरासा छायो त्यसपछि जनतामा हतियार उठाउनु पर्ने सरकारका विरुद्ध सशस्त्र आन्दोलन गर्नुपर्ने स्थिति सिर्जना भयो त्यतिकै हुदैन परिस्थितिले त्यो स्थिति सृजना गरेर अब समग्रमा परिवर्तन गर्नुपर्छ भनेर गणतन्त्रको माग आयो त्यसपनि संघीयताको माग आयो र लोकतन्त्रलाई लोकतन्त्र भन्ने अब प्रजातन्त्र होईन भन्ने शब्दमा समेत कुराहरु आईसकेपछि हामीले लामो १० बर्षको जनयुद्ध, ०६२।०६३ को लामो जनआन्दोलन पछि प्राप्त गरेको यो संविधान यो व्यवस्था अझै यहा आर्थिक क्रान्तिको कुरा नगर्ने हो भने अझै जनताको जनजीविकाको सवालको कुरा नगर्ने हो भने यो व्यवस्था पनि खारेज हुन सक्छ त्यसपछि भयाभव स्थिति हुनेछ यो सबैले मनन गर्ने कुरा हो त्यसैले यहा अब मम भन्नु भन्दा पनि हामी भनेर सुदूरपश्चिम प्रदेश सरकारले अगाडि बढ्नु पर्छ भन्ने मेरो पहिलो सुझाव छ मेरो निर्वाचन क्षेत्रमा लगभग एक लाख बीस हजार जनता बस्छन् एक लाख बीस हजार जनताको लागि मैले बोल्नु पर्छ मेरो दायित्व र कर्तव्य हो मेरो निर्वाचन क्षेत्र कृष्णपुर नगरपालिका र शुक्लाफाटा नगरपालिका चुरे क्षेत्र उत्तरीबेल्ट पर्छ राजमार्ग त्यहाका जनताले बर्षौ देखि कमाएर आएको जग्गा जमिन नापी भएको छैन पंचायत काल देखि राजाले भन्ने गर्थे मेरो रुखमुनि बसेको जनताको व्यवस्था गर्छु । राजा विरेन्द्रले भन्या सुन्या हो मैले महेन्द्रले भन्या छ म सानै थिए मेरो रुखमुनि बसेको यहि महिनाको हो त्यो आषाढको महिना बजेट राजाले सम्बोधन गर्थे मेरो सरकारले व्यवस्था गर्छ । अब अहिले सम्म मेरो सरकारको अवस्था गैसक्यो अहिले सम्म ती जनताहरुले त्यो आफुले चलनभोग गरेको तीन

पुस्ता भैसक्यो बाजे मरिसके, बुवा मरिसके, छोरा अब छोराको छोरा पनि भैसक्यो त्यो पूर्जा पाएको छैन सभामुख महोदय, यो काम कल्ले गर्ने हो अब त मलाई भनिराछन् यो काम त मान्छेले होईन भगवानले गर्ने रहेछ किन भने यतिधेरै सरकार आए माटो मुठ्ठीमा समातेर नापी गरौला भनेर जनप्रतिनिधीले भन्या रहेछ कसम ल यसपालि तपाई जिताउनुहोस यो माटोको कसम जग्गा नापी हुन्छ भन्या रहेछ अब त्यो समय सकिगो है मैले त माटो समात्या त छैन तर जग्गा नापी हुन्छ भनेर भन्या छु है फेरी कसम पनि खाया रहेछन अब स्थिति यो छ अब हामीले कहा भन्ने हो भन्ने थलो यहि हो । हामीलाई पिच नदिनुहोस, हामीलाई विकास नदिनुहोस एकचोटि हाम्रो जग्गा नापी गरिदिनुहोस भन्छन जनताले अब भन्न त धेरै ठुलो समस्या छ मैले संघीय सरकारमा आयो भनेर सुने राजश्व २५ प्रतिशत लिने यो कुरा स्वीकार्य हुदैन एमालेको ९ महिने सरकारमा ७ प्रतिशत भन्या थियो ७ प्रतिशत ठिक छ हामी मान्छौ राजश्व ७ प्रतिशत लेवस फेरी तीनपुस्ते बाजेको नाममा जग्गा भए नदिने भन्ने टाईपको छ रे अब नेपालमा बाजेको नाममा जग्गा नभएको त कोहि पनि छैन काहि न काहि त आखो पाखो काहि न काहि त छ धेरैको थोरै मान्छे सुकुम्बासि पनि छन् तैपनि यस्ता नियमले हुदैन अब जो जहा बस्या छ डेड विगाहा भित्र त्यो जग्गा नापी गरिदिनुपर्छ भन्ने जनताको आवाज हो होईन भने यो व्यवस्था भित्र नै वितृष्णा हुन्छ सभामुख महोदय, र मेरो क्षेत्रको जनताले यो बजेटको किताब पनि हेरे रातो बजेटकै कुरा गर्दा खेरि यो किताब हेरे उहा कतै देखेनन मलाई पनि धेरै टिपाएथे मैले पनि टिपाए सूचना जारी भयो भौतिक कै कुरा बढी आउछ भौतिक मन्त्रालयमा सूचना देखि मोवाईलले फोटो पनि खिचे धेरै साथिलाई शेयर पनि गरे म आफै डिभिजन कार्यालय यहा भौतिक पूर्वाधारमा गए योजना टिपाए मेरो टेलरपेडमै टिपाए तर कुनै योजना परेन विगतका योजना पनि निरन्तरता भएनन, कृषिका पनि परेनन, उद्योग पर्यटन, बन बाताबरण मन्त्रालयको २ बर्ष भो एउटा योजना पनि परेन सभामुख महोदय अब तैले नै गर्नुपर्छ भन्छन जनताले हामी मन्त्री जान्दैनौ, सरकार जान्दैनौ यो तैले गर्ने हो भन्छ जनताले म के गरौ म कहा भनौ अब यस्तो समस्यामा छु मन्त्रीले दिएन भनेर म बाच्ने अवस्था छैन । सरकारले दिएन भनेर मैले चोखिने अवस्था छै सभामुख महोदय यस्तो स्थितिमा हामी छौ यहा समस्या के छ भने सम्झौता भयो रे भद्र भयो रे अ भद्र त ठिक छ अनि यो के हो भद्र भन्ने बुझ्ने अधिकार हामीलाई छैन, यो गरिमामय सदनलाई किन ढाट्नु पर्यो यत्रो लोकतन्त्र, गणतन्त्रमा के हो त्यो भद्र कसका लागि भद्र सुदूरपश्चिम बासिका लागि भद्र हो भने त यहा आउनु परेन त्यो भद्र त्यो भद्रलाई काम्लो मुनि लुकाएर घ्यु खाने चाहिदैन त्यस्तो भद्र हामी मान्दैनौ हामी जनप्रतिनिधी हौ हामी राजीनामा गरेर पनि जनतामा जान्छौ भनेर धेरै साथिहरुले भन्या मैले सुन्या छु त्यस्तो भद्र होईन यहा १४ भाई, २५ भाईका कुरा आए अस्थि जोड घटाउ पनि भयो १४ भाई र ८ भाई मन्त्री जोडिदिएपछि २, ३ भाई जोडे त त्यता पनि चलिहाल्ने रहेछ भन्ने यो एक किसमको प्रदेश सहमति जस्तो पनि भा छ । यहा पक्ष, विपक्ष भन्दा पनि ८ भाईले १४ भाईतिर मिलिदियो भने २५ भाई जिल्लाराम अब अलिअलि २५ भाईको पनि सुनिदिनु पर्यो १४ भाईले कम्बल ओडेर घ्यु आने होईन घ्युको कटौरा जनतालाई देखाउनु पर्यो यो मेरो माग छ अब यहा २५ भाई

बसिराछन अब २५ भाईको त किलियर थियो सरकार बदल्ने कुरा थिएन मैले पनि दस्तखत गर्या हो १२ नं.मा अब त्यहा त हामीले योजनै माग्या हो त्यहा किलियर छ मुख्यमन्त्रीजी काह्वा मैले मोवाईलमा फोटो पनि खिच्या छु पत्रकार साथि माग्दै थिए दिएन मैले किन भने दलको सचेतकले दिनु पर्यो वा दलको नेताले दिनुपर्यो यो सिस्टम छ त्यसैले त्यो २५ भाईलाई पनि धेरै रुहाउनु भएन २५ भाई सित पनि सम्झौता होस सरकार यो मेरो माग छ सरकारलाई हईन अब यहा चाहि कोहि कोहि विभिषण भए भन्ने आरोप छ हामीलाई यहा विभिषण कोहि भा छैन रामलाई भन्या थियो रे रामको भाई लक्ष्मण जादा खेरि रावणले त्यरा भाई त सित थिए तैले जितिस मेरा भाई चाहि त सित लागे मैले हारे अब आफ्ना भाई यदि गयो भने सरकार धेरै दिन टिक्दैन फेरी आफ्ना भाईहरु विभिषण नबनाउनुहोस भाईहरुलाई लक्ष्मण बनाउनुहोस, भरत बनाउनुहोस, सत्रुघनसम्म त बनाउनुहोस भाईहरु विभिषण भए के हुन्छ त्यो त ईतिहासले देखाया छ त्यसैले सरकारलाई मेरो सुझाव छ आफ्नो घरको आफ्नो गठोरी बलियो बनाउनुहोस त्यसपछि पडोसि सित सल्लाहा गर्नुहोस पडोसीको घरमा धेरै कम जानुपर्छ आफ्नो घर व्यवस्था नभईकन घरको कुरा अलि बाहिर अलि कमै गर्नुपर्छ यो सरकारलाई मेरो तर्फबाट सुझाव छ । धेरै कुराहरु के छन् भने पुराना शक्तिहरु राजनितिक शक्तिहरु पुराना योद्धाहरुले कहिले काहि जित्न सकेन भने आफ्नो मृत्यु आफै पनि बताउदा रहेछन् त्यो महाभारतमा छ भिष्मपिता म सित नसक्ने अवस्थामा कुनै पनि हालतमा जित्न नसकिने हालतमा अवस्थामा राति गएर चनाखो कृष्णले पाण्डवलाई लगेर तपाईको मृत्यु कसरी हुन्छ बाजे भनेर सोध्नुभा रैछ अनि उहाले सहर्स बनाईदिनु भो मेरो मृत्यु सिकण्डीमा लुक्या छ । सिकण्डी ल्याएर उभ्याईदिए मलाई मारेनि हुन्छ भनेर कहिले काहि त्यस्ता पुराना राजनैतिक शक्तिले आफ्नो मृत्यु आफै पनि बताउने रहेछन् कहि सरकार त्यति चलाखिमा त छैन कहि हाम्रो सरकारभित्र कृष्णहरु छन् जस्तो लाग्छ । पुराना शक्तिहरुलाई ध्वस्त गर्न उहाको मृत्युहरु काहि त्यो भद्र सहमतिमा लेखिया छ कि अब चाहि ठाडै नउठ्ने गरि सिध्याईदिने हाम्रो सरकारको योजना छ भन्ने मलाई आशा छ त्यसैले विरोधीलाई सिध्याउनुपर्छ तर वैचारिक मात्रै सिध्याउने है विकास निर्माणमा सिध्याउने होईन विकास सबैको लागि साझा हो, समृद्धि सबैको लागि साझा हो, उन्नती सबैको लागि साझा हो, दुखः सबैको साझा हो फेरी दुखः पर्दा हामी सबै दुखः हुन्छौ आज पानि पर्या छ यो कुनै सत्तापक्ष, विपक्षको लागि परेन सबैका खेतमा पानि पर्याछ, सबैका हिजो टाउकोमा घाम लाग्या थियो त्यसैले सबैका लागि यो बजेट पनि त्यहि ढंगले हुनुपर्छ तर कहिले काहि कार्यान्वयनको कुरा गर्दा खेरि कार्यान्वयन त यति राजनैतिक परिवर्तन हुदा यो पंचायत कालकै छ पंचायत कालकै प्रक्रिया छ यो पंचायत कालको प्रक्रिया यो संगठनलाई चेन्ज गर्न मिल्दैन किन गर्न मिल्दैन यो प्रक्रिया किन बदल्न मिल्दैन, यो सिस्टम किन बदल्न मिल्दैन कहा लेख्या छ बदल्नै मिल्दैन रे पंचायत कालमा राजा महेन्द्रको पाला सुरु भएको विकास निर्माणको प्रक्रिया कार्यान्वयनको प्रक्रिया नीतिगत जतिसुकै राम्रा गरे पनि कार्यान्वयन त्यहि ने रहयो आषाढमै समाप्त हुन्छ । धमाधम हुन्छ ११ महिना काम हुदैन १ महिना काम हुन्छ अनि त्यो कामको परिणाम के हुन्छ त्यो दुरखगि के हुन्छ त्यहिनिर अनियमितता हुन्छ । ल फटाफट फटाफट

हुलहाल हुलहाल गर्यो फटाफट गर्यो कसको पैसा कल्ले लगिदिने, काहाको पैसा कहा जाने काम नहुने, गुणस्तर नहुने यस्तो प्रक्रियालाई अब कार्यान्वयन गर्नु हुदैन अब साउनबाटै प्रत्येक महिनाको रिपोर्ट बनाएर प्रत्येक महिनाको कार्ययोजना बनाएर, प्रत्येक महिना सक्नुपर्ने कामलाई दिगो रुपमा एउटा चाहि कार्यविधि दिनुपर्छ टिओआर भन्छ अंग्रेजीमा त्यो बनाएर कर्मचारीलाई दियोस सरकारले तब मात्रै तपाईको बजेट कार्यान्वयन हुन्छ नत्र हुदैन तपाई चैत सम्म बसिराख्ने बैशाखमा शुरु गरेर जेष्ठ, आषाढमा कसरी सक्ने बजेट किन सक्ने त्यस्तो बजेट बरु नगर्नुस बरु नगर्नुस जनताले आफै गर्छ बरु जनतालाई सघाउनुहोस हामीले जनताका लागि काम गरिराछौ हामीले प्रदेशको जनताको लागि हाम्रो मन्त्रीको लागि, सांसदको लागि होईन मेरो बजेट होईन यो बजेट जनताको बजेट हो जनताले कर तिरेको बजेट हो । जनताले मेहनत, खुन, पसिना बगाएर बनाएको यो बजेट हो त्यसैले यो २८ अरबको बजेट जनताकोपक्षमा कार्यान्वयन हुनुपर्छ । न यो कांग्रेस न यो कम्युनिष्ट त्यसैले जनताको पक्षमा कसरी कार्यान्वयन हुन्छ साउन देखि सुरु होस र यो बजेटले जनतालाई राम्रो सन्देश लियोस शिक्षाको समस्या छ, स्वास्थ्यको समस्या छ हालाकि मलाई समय छोटै छ सभामुख महोदय ठिकै छ हाम्रो एक हजार विद्यार्थी छन् मेरो क्षेत्रमा एक जना शिक्षक छन् मैले पहाडतिर देखे ७ जना शिक्षक छन् ५ जना विद्यार्थी पनि रहेछन् शिक्षा र स्वास्थ्य जनसंख्याको हिसाबले हुनुपर्छ । बाटो घाटो ठिकै छ जंगलमा पनि राजमार्ग बनाउनुपर्छ तर शिक्षा र स्वास्थ्य जनसंख्याको हिसाबले नीतिगत कुरामा गईयो त्यसैले मात्र हुन्छ विद्यार्थी एकहजार हुने स्थायी टिचर एक हुने कसरी पढाउछ यो प्रमाण दिन्छु म यो प्रमाण छ सरकारले त्यतातिर ध्यान दियोस डाक्टर छैनन स्वास्थ्य संस्था छन् हाम्रै जिल्लामा यस्तो अवस्था छ, हाम्रै क्षेत्रमा यस्तो अवस्था छ त्यसैले यतातिर सरकारको ध्यान जाओस म धेरै समय लिन्न हवस त धन्यवाद नमस्कार ।

**माननीय कुन्ती जोशी** :- माननीय सभामुख महोदय हामी आर्थिक बर्ष ०७६।०७७ को अनुमानित बजेटको विषयमा हामी छलफल गर्न गैराखेका छौ र लामो समयसम्म अवरुद्ध संसद चलाउनमा सरकार, प्रतिपक्ष सबैको जहा जसको जे भूमिका भएको छ चलाउनमा जुन भूमिका रहेको छ सबैलाई धन्यवाद दिन चाहान्छु र सर्वप्रथम हाम्रो जिल्लाको एउटा समस्या छ यसलाई चाहि मैले भन्न चाहान्छु र त्यसपछि बजेटको विषयमा मैले आफ्ना विषयबस्तु, आफ्ना धारणाहरु राख्ने छु र डडेल्धुरा जिल्लामा केशव सिंह क्रिकेट खेलाडि केशव सिंह भन्ने क्रिकेट खेलाडि भाई अहिले फोक्सो र मुटुको क्यान्सरले असाध्ययि पिडित भएर भरतपुर क्यान्सर हस्पीटलले पनि नसकेर अहिले दिल्ली मेदान्त हस्पीटलमा चाहि उपचार गर्नका लागि गएका छन् र उनको असाध्यै पारिवारिक स्थिति हेर्दा अलिकति धेरै जरजर अवस्थामा छ उनको आमाले सामान्य समोसा बेचेर बनाएको पैसाले अहिले उनले थोरै अहिले सम्म जेनतेन धानिराखेका छन् र केहि हामी सबैको सहयोगबाट पनि अहिले सम्म धानेका छन् र उनको बुवा पनि छैनन वितेका हुन उनि सानै छदा करिवन उनि ५, ६ बर्षका थिए र त्यतिबेला नै उनको बुवा वितेका हुन र त्यसरी चाहि जीवन गुजरा गरेर एउटा खेलको क्षेत्रमा र पढाईको क्षेत्रमा असाध्यै अब्बल राखेर अगाडि बढीराखेका युवालाई सरकारको तर्फबाट हाम्रो प्रदेश सरकारको तर्फबाट के सहयोग गर्न सकिन्छ त्यसमा

सहयोगको लागि मैले हार्दिक अनुरोध गर्न चाहान्छु र यस पछि विशेष गरि ०७६।०७७ को बार्षिक राजश्व व्यय बजेटको अनुमान प्रस्तुत जुन १ गते भएको थियो लाग्छ मलाई यो बीचमा पनि धेरै छलफल, अनौपचारिक छलफलका विषयबस्तुहरु हामीले अगाडि बढायौ धेरै छलफल पश्चात हामी यहा उपस्थित भएका छौ र यसको बजेटको मुलस्पीड हेर्दा खेरि ठिक छ यसमा चाहि पूर्ण समर्थन रहने कुराहरुमा दुईमत छैन र मुल स्पिड ठिक रहदा रहदै पनि गाउँपालिका देखि लिएर सबै क्षेत्र सबै यहा विषयबस्तुहरु पनि हामीले उठान गर्यौं कि सबै माननीयज्यू लगायत जनताले दिएको जुन हामीले योजना प्रस्तुत गरेका थियौ त्यहा केहि त्रुटि भयो कि सरकारको तर्फबाट समिक्षा गर्नुपर्ला मैले यहि सुझाव दिन चाहान्छु सरकारले पनि कहा कसरी सम्बोधन गर्नुपर्थ्यो, सम्बोधन भयो भएन अलिकति माननीयहरु हामी माननीयज्यूहरुले दिएको योजनालाई पनि समेट्न नसकिएको वा सकिएकोमा चाहि सरकारले समिक्षा गर्नुपर्ला गर्नै पर्छ यो मैले सुझाव दिन चाहान्छु । एउटा मन्त्रालयको मात्र होईन, एउटा विषयको मात्र होईन समग्र प्रदेश सरकारले विनियोजन गर्ने बजेट कुन ठाउँमा कुन शिर्षकमा गएको छ, कहा गएको छ, कुन जातिगत हिसाबले, लिङ्गगत हिसाबले कहा कुन ढंगले चाहि प्रस्तुत भएको छ अर्थात कुन विकासका योजनाका हिसाबले पनि कुन ढंगले बजेटको सहि ढंगले त्यो खालको विनियोजन भएको छ वा छैन यसको समिक्षा त गर्नै पर्छ यसका लागि मैले सुझाव दिन चाहान्छु र यसो भन्दै गर्दा बजेटमा रहेका त्रुटिहरु रहने कुरा छदैछ र यसलाई बजेट त्रुटि भयो भन्दैमा हामीले मलाई लाग्छ मैले त कुनै दुनियामा देखेन अलिकति असहज परिस्थिति गरेर सदन अवरोध गरेर हामी यसको सहयोग गर्दैनौ भन्ने कुराहरुले अगाडि बढ्ने कुराहरु त्यो छदै थियो तर दुनियामा कुनै पनि ठाउँमा यो रातो किताब जलाएको अर्थात सरकारको विपक्षमा सडकमा लगेर रातो किताब जलाएको भन्ने कुराहरु दुनियामा मैले कहि पनि सुनेनन हामीले सुन्दा हामीले सुनेनौ यसको लागि मेरो तर्फबाट पूर्ण आपत्ति जनाउने कुराहरु पनि छ मैले आपत्ति जनाउन चाहान्छु र यसलाई चाहि सरकारले विशेष गरि अहिलेको बजेट हामी टुक्रागत हिसाबले हेर्दा खेरि कार्यान्वयन पक्ष नै सबै भन्दा बलियो हो जस्तो मलाई लाग्दछ अहिलेको बजेट हेर्दा खेरि हामी बजेट त हामीले विनियोजन गर्यौं बजेट विनियोजनमा कार्यान्वयन पक्षमा कहा भएको छ वा छैन अहिले पनि उठि राखेका छन् । विभिन्न सन्दर्भमा यहा पुष्टि गर्छु, उहा पुष्टि गर्छु भन्ने किसिमको पनि विषयबस्तुहरु उठेको छ यसलाई पनि सरकारले ध्यानाकर्षण गरेर सरकारले कहा त्रुटि भएको छ त्यसलाई चाहि पूर्ण रुपले कारवाहीको कार्यान्वयन अगाडि बढाउन पनि मैले अनुरोध गर्न चाहान्छु । एउटा ठाउँमा त हामीले एक्सन लिएका छौ सरकारलाई मैले विशेष धन्यवाद दिन चाहान्छु । कंचनपुरको जो एक्सन लिईएको छ यसलाई चाहि मैले धेरै धेरै धन्यवाद दिन चाहान्छु र यसै गरि सबै ठाउँमा कहा कहा त्रुटि भएको छ यसको चाहि खोजविन र त्यसको पूर्ण त्यहा चाहि अगाडि बढोस मैले सुझाव दिन चाहान्छु र विशेष गरि हामीले अहिले रातो किताबमा हेर्दा खेरि जुन विगतमा ०७५।०७६ को बजेटमा केहि हामीले चाहि विषयबस्तुहरु उठाएका छौ महिलाका लागि, दलितका लागि, गरिबका लागि, विशेष ढंगले सम्बोन गरेर अगाडि बढ्ने त्यो खालको कार्यक्रम लग्नको लागि अगाडि बढाउनको लागि जुन सम्बोधन गरिएको

थियो हामीले देख्यौ अहिले यो छुट्न गएको हो वा क्रमागत ढंगले यसलाई चाहि समावेश गरिने हो यसमा पनि अलिकति अन्योलता भएको कुरा पनि मैले यहा राख्न चाहान्छु र समग्रमा सबै क्षेत्रगत हिसाबले सबै ठाउँलाई समन्वय गर्न अगाडि बढ्नको निमित्त अगाडि  हिड्नको निमित्त यो संसद हामीले यहा सरकारलाई हामीले पूर्ण समर्थन गरेर अगाडि लैजाने कुराहरु छदैछ हाम्रो तर्फबाट मेरो तर्फबाट मैले गर्ने कुराहरुमा मैले कहा कुन ढंगको सहयोग गर्नुपर्छ रहने कुरा छदैछ तर पनि त्रुटिलाई सच्याएर जाने कुराहरुमा सरकारले पनि आफ्नो मैले अघि पनि भनिसके सच्याएर कहा कुन ढंगले चाहि अगाडि बढ्नुपर्छ यसमा विशेष ध्यान केन्द्रित गरेर अगाडि बढोस भन्ने कुराहरु आफ्नो तर्फबाट राख्न चाहान्छु र अन्तमा विशेष गरि जुन ढंगले यो बजेट आएको छ यसको कार्यान्वयन पक्षलाई बलियो बनाएर लैजाने कुराहरुमा मैले सबैमा अनुरोध गर्दछु कार्यान्वयनको पक्ष नै यसको मुल समस्या आउछ भोलीका दिनमा त्यसैले कार्यविधि हामीले बनाउने नियम, ऐन, कानून, कार्यविधिमा चाहि जुन अड्किरहन्छौ त्यो कार्यविधिलाई पनि समयमै बनाएर त्यसको कार्यान्वयन पक्षलाई अगाडि बढाउनको निमित्त सरकारले आफ्नो तर्फबाट कुन ढंगबाट अगाडि बढाउन सकिन्छ आफु नचुक्ने गरि अगाडि बढोस भन्ने सुझाव राख्न चाहान्छु । यति भन्दै आफ्ना भनाई यहि अन्त गर्न चाहान्छु धन्यवाद ।

**माननीय दुर्गा कुमारी कामी** :- माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक बर्ष ०७६।०७७ को बजेट प्रदेश सरकारले संवैधानिक व्यवस्था अनुसार तोकेको समयमा प्रस्तुत गरेको छ त्यसको लागि सरकारलाई धन्यवाद दिन चाहान्छु । जे होस नीति, विधिमा रहेर आफ्नो कामहरु अगाडि बढाई राखेको छ । समग्रतामा बजेट ठिक छ ठिक समयमा आको छ ठिक छ भन्ने नै छ सबैले यसको ठिकै प्रचार गरिराखेको देखिन्छ । त्यसो भएको कारणले गर्दा म पनि यो बजेटको स्वागत गर्न चाहान्छु । सरकारको नीति ठिक छ मैले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा पनि भनेको थिए सरकारले लिएको नीति ठिक छ तर यो नीति अनुसार नियत सहि ढंगको ठिक ढंगबाट नीति अनुसारको कार्यक्रमहरु आउनुपर्छ भन्ने सुझाव त्यतिखेरा दिएको थिए । मैले त्यो नीति तथा कार्यक्रममा बोल्दै गर्दा भनेको थिए अहिले पनि म त्यहि भन्न चाहान्छु । नीति त्यसको पक्षमा हुनुपर्छ जस्को आवाज विहिन छ, नीति त्यसको पक्षमा हुनुपर्छ जो भारी बोकेर खान्छ, गिट्टी कुटेर खान्छ, जो जागिर पाउदैन, जो सडकमा छ तिनिहरु र त्यो अवस्थाबाट माथि उठाउनको लागि हामीलाई संघीयता चाहिएको हो । हाम्रो देश संघीयतामा गएको छ त्यसो भएको कारणले त्यलाई आधार मानेर जहिले पनि जनतालाई केन्द्रविन्दुमा राखेर हाम्रा नीति तथा कार्यक्रमहरु हुनुपर्छ त्यो सरकारले यसलाई मनन गर्नुपर्छ भन्ने मैले सुझाव दिएको थिए । त्यहि अनुसारको नीति कार्यक्रमको अझै एउटा बुदा मलाई कन्ठै छ म मन्त्रीज्यूलाई त्यतिखेरा पनि मैले भनेको थिए ३६ नं. बुदाले धेरै ठुलो आशा गरेको थियो, भूगोलको हिसाबमा, जनसंख्याको हिसाबमा, निर्वाचन क्षेत्रको हिसाबमा, समानुपातिक ढंगबाट यो बजेट विनियोजन गर्छ सरकारले भन्ने खालको कुरा थियो त्यसबाट हामीले धेरै आशा गरेका छौ तर अहिले आउदा खेरि अलिकति यो समानुपातिक ढंगबाट भएको छैन, यो न्यायोचित भएन

भन्ने खालको जनगुनासो आएको छ । हामीले सरकारलाई सुझाव दिन्छौ हामी जनताका प्रतिनिधी हौ । हामीले म त यसो पनि भन्छु हाम्रो अछामि भाषामा रैवारे भन्छ रैवारे भनेको तल जनताबाट जनताको समस्याहरु के छन् सरकारसमक्ष पुऱ्याउने, सरकारले लिएको राम्रो नीति जनताको हितमा हुने जुन महत्वपूर्ण कार्यक्रमहरु छन् रचनात्मक कार्यक्रमहरु जो छन् त्यसलाई चाहि तल जनतासँग पुऱ्याउने त्यो रैवारे चाहि हामी बनेका छौ त्यसो हुदा खेरि हामीले त यहा भनौला ल यो ठिक छ ठिक ढंगबाट जानुपर्छ, पास चाडै गर्नुपर्छ भन्छु म तर जनताले त हामीलाई प्रश्न गरेका छन् हामी सरकार चिन्दैनौ तपाईहरुले हाम्रो अगाडि बाचा कसम खाएर जानु भएको छ । त्यसो भएको कारणले गर्दा हाम्रा समस्याहरु समाधान गर्ने कि नगर्ने कहिले हो त्यो भएको हुदा त्यो प्रश्नको जवाफ दिने बाटो चाहि सरकारले गर्नुपर्छ । यो सरकार हाम्रो हो यो सरकार जनताको हो जनताको सरकार भएर जनतालाई केन्द्रविन्दुमा राखेर हाम्रा नीति कार्यक्रमहरु ल्याउनुपर्छ भन्ने कुरा म भन्न चाहान्छु । अर्को कुरा नीति मात्रै महत्वपूर्ण कुरा रहेनछ भन्ने कुरा अनुभव गरेको छु नीति सँगसँगै नीयत ठिक भएन भने बनाएको नीतिलाई जसरी पनि बङ्ग्याउन सकिदो रहेछ । कागजको व्याख्या लेखेका कुराहरुलाई जताबाट पनि व्याख्या गर्न सकिदो रहेछ त्यसो हुदा यो पिडा भन्ने शब्द छ नि दुखः र पिडा भन्ने म यस सँग एकदम धेरै नजिक छु । अर्कालाई पिडा, दुखः दिदा खेरि अर्कालाई पिडा दिदा खेरि आफु पिडा दिनेको मन त खुशि हुन्छ तर पिडा भोग्ने मान्छेको मन कहिल्यै खुशि हुदैन रहेछ र अर्को कुरा यसको सँगसँगै पिडि दिने मान्छे पिडा भोग्ने मान्छे कहिल्यै खुशि हुन सक्छ तर त्यो त्यो पिडा दिने मान्छे कहिल्यै खुशि हुन सक्दैन रे उसले सम्झीन्छ अरे म त आफु त्यो ठाउँमा हुदा खेरि के हुन्थ्यो भन्ने कुरा त उसले सम्झीन्छ होला नि अर्को मैले सानै देखि सुन्ने गरेको नाउ उतापट्टी साथिहरु बसेतिर पानि पर्यो भने आफुतिर पानि नआउदा खेरि त्यतिखेरा खुशि हुन्छ अरे मान्छे ए त्यता त पानि आएछ नि यहा त पानि छैन भनेर उ हाई हाई गरेर हास्दै हिन्छ रे जब त्यो छेउको पानि अर्को छेउमा पुग्दैन भन्ने त छैन नि जब आफुतिर पनि पानि आउछ सिंगो नाउमा पानि आउछ अनि बज नाउ डुब्ने अवस्थामा जान्छ अनि त्यतिखेरा उसले थाहा पाउछ हिजो त म हासेको थिए अहिले यसले मलाई पनि छोयो भन्छ रे त्यसो भएको हुदाखेरि यो दुखः भन्ने कुरा, पिडा भन्ने कुरा नीयत सँग जोडिन्छ । हाम्रा नियत ठिक ढंगबाट गए भने हामीले नीतिहरु ठिक ढंगबाट बनायौ भने यसलाई कार्यान्वयन ठिक ढंगबाट गर्यौ भने यो राम्रो हुन्छ जस्तो मलाई लाग्छ त्यसो हुदा खेरि समग्रतामा बजेट ठिक छ तर कार्यान्वयन पक्ष यसको फितलो हुनुहुदैन कतिपय असन्तुलित ढंगबाट आएका जुन योजनाहरु छन् । कुनै निर्वाचन क्षेत्र, कुनै वर्गिय हिसाबले, कुनै क्षेत्रको हिसाबले जुन वर्गलाई माथि उठाउनु पर्नेछ, जुन क्षेत्रलाई माथि उठाउनु पर्नेछ त्यसलाई मध्यनजर गरेर जनसंख्याको आधारमा, विकटताको आधारमा हेरेर संशोधन गर्नुपर्ने केहि कुराहरु अझ पनि सकिन्छन अझ पनि हामीसँग धेरै विकल्पहरु छन् त्यो विकल्पहरुलाई पनि सरकारले मनन गरेर त्यसपछि दिएका सुझावहरु अब कति सुझाव दिने सुझाहरु असाध्यै मनननिय सुझावहरु छन् माननीयज्यूहरुले जे बोल्नु भा को छ जनताको आवाज बोल्नु भा को छ यसमा कसैको व्यक्तिगत स्वार्थ गासिएको छैन यो कुरा सरकारले मनन

गर्नुपर्छ । दिएका सुझावमा रहेर सरकारले ठिक ढंगबाट अगाडि गयो भने साच्चिकै सरकार लोकप्रिय सरकार, जनमुखि सरकार हुन सक्छ । त्यसो हुदा खेरि त्यो म फेरी पनि सुझाव दिन चाहान्छु । यो कुरालाई असाध्य मनन गर्नुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु र अलिकति यसमा आएका कुराहरु जुन छन् सरकारले उद्योगको कुराहरु गरिराखेको छ, पर्यटनको कुराहरु गरेको छ, कृषिको कुराहरु गरेको छ, उद्यागधन्दा खोल्ने र रोजगारी दिने कुरा गरेको छ । ३ लाख, ४ लाख, ५ लाखका योजनाहरु हाल्छ । ३ लाख, ४ लाख, ५ लाखले खोलेको उद्योग हामी कतिजनालाई रोजगार बनाउन सक्छौ बरु एउटा उद्योग खोलुस १० जनालाई कम्तीमा रोजगार हुन सक्ने त्यस्तो खालको कुराहरु गर्नुहोस । शिक्षाको क्षेत्रमा त्यस्तै छ, स्वास्थ्यको क्षेत्रमा त्यस्तै छ यि कुराहरुलाई अलिकता मनन गरौ गौरवका योजनाहरुलाई हामीले अलिकति ख्याल गरौ र गतसाल क्रमागत रुपमा गएका योजनाहरु पनि यो बर्ष ती योजनाहरु आधार काम सम्पन्न भएको छ आधा काम गर्न बाँकी छ तर त्यो योजनाहरु सरकारको प्राथमिकतामा परेका छैनन जुन योजना औचित्य छैन ती योजनाहरु सरकारको पहिलो प्राथमिकतामा परेर आएका छन् । यस्ता योजनाहरु जुन औचित्यहिन योजनाहरुलाई पनि संशोधन गरेर अगाडि जावस यो कुराहरु पनि म सुझावको रुपमा राख्न चाहान्छु । सिमान्तकृत बर्ग जुन छ त्यो लक्षित एउटा ठोस कार्यक्रम अझ पनि आउन सकेको छैन । अलिकति ख्याल गरौ जो गतसाल आएको थियो द्वारिका देखि ठकुरानी महिला सशक्तिकरण कार्यक्रम भन्यो यतिखेरा त्यो कार्यक्रमले फेरी पनि महत्व पाएको अवस्था छैन । गत साल त एक खालको भयो बिग्रियो त्यसमा सुझाव दियौ त्यसमो त्यो सुझावलाई सरकारले मनन गर्न सकि राखेको अवस्था छैन र अर्को टिकाराम पार्कि दलित छात्रवृत्ति भनेर कार्यक्रम ल्यायौ अहिले यो बर्ष त्यो कार्यक्रम महत्व पाईराखेको छैन । गत सालका कार्यक्रमका समिक्षा गरौ र यो बर्ष ती कार्यक्रमलाई महत्वपूर्ण रुपमा आएका कार्यक्रमलाई महत्वका साथ अगाडि दिनु पर्छ भन्ने कुरा राख्न चाहान्छु । अर्को पूर्वाधार विकास कार्यक्रम छ अब यो नीतिले साहेद मलाई लाग्छ विभेद गरेको छैन जस्तो त लाग्छ तर नियतले असाध्य ठुलो विभेद गरेको छ । त्यसको साथ साथै विभेद पूर्ण नीति सरकारले नबनावस र यस्तो खालको विभेद पनि नगरोस हामी जनताका प्रतिनिधी हौ हामी यो रोस्टममा आएर बोल्दा खेरि असाध्य आदर्शका कुराहरु गर्छौ तर आफ्नो नीति, आफ्नो नियत हामीले के गर्यौ भन्ने कुराहरु हामी आफैबाट पनि शुरुवाद गरौ न अरु मान्छेलाई सुध्रीएको भए हुन्थ्यो भन्ने चाहान्छु तर आफु सुद्रीन पटक्कै पनि जान्दैन म सरकारलाई भन्दै छु हामीले पनि केहि गरौ भन्ने कुराहरु पनि हामी समिक्षा गरौ । गत सालको कार्यक्रमको पनि समिक्षा गरौ र अघि आयो नीतिगत भ्रष्टाचारको कुराहरु ल्याउनु भो, उठाउनु भो माननीयज्यूहरुले केहि कुरा राख्नु भो यो गत सालको पूर्वाधार विकास कार्यक्रममा के भएको थियो त्यसको समिक्षा कहिल्यै पनि भएन कसरी गरियो समानुपातिक प्रणालीबाट आएका माननीयज्यूहरु तपाईहरु अहिले हामीलाई यति पिडा भएको छ । त्यो अवस्था भएका माननीयहरुलाई कति पिडा भए होला त्यो ठाउमा बसेर हामीले हेर्न कहिल्यै पनि सकेनौ त्यसो हुदा खेरि आफुलाई दुख्दा रुन्छौ अरुलाई दुख्दा हास्छौ यो चलनको पनि अन्त्य गरौ सामन्तवादी जुन प्रवित्ति र चिन्तन छ त्यो चिन्तनको पनि हामी जब

सम्म अन्त्य गर्न सक्दैनौ तब सरकार पनि हाम्रै हो हामी हाम्रै समुदायबाट गएको हो हामीले ती कुराहरुलाई आफुबाट शुरुवाद गर्न सकेनौ भने हामी परिवर्तन गर्न सक्दैनौ भन्ने कुराहरु राख्न चाहान्छु धन्यवाद ।

**माननीय शान्ती नेपाली** :- माननीय सभामुख महोदय, आर्थिक बर्ष ०७६।०७७ को अनुमानित बजेट माथिको छलफलमा उपस्थित भएका छौ । लाग्छ अर्थ अथवा बजेट व्यवस्थाको मुख्य साधन हो जसले गरिबीको अन्त्य गर्छ, अवस्था परिवर्तन गर्छ, समग्र विकास गर्छ त्यसै कारण म भन्न चाहान्छु । थुप्रै कुरा यो महत्वपूर्ण सदनमा थुप्रै विषयले प्रवेश पाएको छ र बजेटको विषयले बजेटकै बेला भएको कारण अझ बढी महत्व पाएको छ मलाई लाग्छ सुदूरपश्चिम प्रदेशको सरकारले धेरै मेहनतका साथ गत आर्थिक बर्षको बजेटको अवस्था अध्ययन गरि आउदो आर्थिक बर्षको बजेटको अवस्था अध्ययन गरि र वर्तमान बजेटको आर्थिक बर्षको कार्यान्वयका लागि बजेट यहा आएको छ म बजेट माथि म समग्रमा समर्थन गर्न चाहान्छु । अंशमा सुझावको रुपमा, अनुरोधको रुपमा यो सदनमा प्रस्तुत गर्न पनि चाहान्छु कि मलाई लाग्छ कि गणितिय हिसाबमा हेर्दा अंक १ बाट शुरु हुन्छ तर अहिले मलाई के लाग्छ अन्यथा नजावस सुझाव दिदा पनि राज्यको चौथो अंगले टेनबाट शुरु गरेको, जीरोबाट शुरु गरेको अब सत्तापक्षका माननीयले यदि सुझाव दिने हो भने सत्तापक्षका माननीयको नै विरोध भन्ने आउछ सुझावै नदिन पाईने अधिकारबाट सदनलाई गुमराहामा पार्नु हुदैन सुझाव दिन पाउने, सल्लाहा दिन पाउने हाम्रो अधिकारको कुरा हो जनताले हामीलाई त्यहि खबरदारी दिन, त्यहि सुझाव दिन र जनताका साझा सवाललाई संसदमा उठान गर्नका लागि हामीलाई यो ठाउँमा पठाएको हो त्यसै कारणले विकास भनेको एकल सवालको विषय होईन मलाई लाग्छ राष्ट्र राम्रो बनाउन, प्रदेश राम्रो बनाउन सुशासन तपाईको समृद्धि त्यो समृद्धि मानवीय हिसाबले पनि समृद्धि, आर्थिक हिसाबले पनि समृद्धि, विकास निर्माणका हिसाबले पनि समृद्धि ल्याउनका लागि मात्र एकल प्रदेश सरकार लागेर यहा सम्भव छैन । सम्पूर्णले आफ्नो आफ्नो जिम्मेवारी आ-आफ्नो तर्फबाट ईमान्दार पूर्वक गर्ने हो भने राष्ट्र आफै बन्छ, देश आफै बन्छ, प्रदेश आफै बन्छ १०-१० प्रतिशत गल्ती गर्दै जाने, ५-५ प्रतिशत गल्ती कमजोरी गर्दै जाने अनि समृद्धिका कुरा गर्ने तपाईको विकासका कुरा गर्ने यसलाई हामीले निरुत्साहित पार्नै पर्छ । सिद्धान्ततह यो बजेट एकदमै ऐतिहासिक छ व्यवहारिक रुपमा यसलाई हामी कति अनुगमन गरेर प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सक्छौ र हामी साउदबाट शुरुवाद गरौ सामान्य एउटा अनुदानको बजेट छ तर हेर्दा त्यो कार्यान्वयनको प्रतिक्रिया हेर्दा वैशाख सम्म यदि कार्यविधि बनाउन सकिने हाईन त्यो कार्यविधि पनि सामान्य मान्छेले बुझ्ने टाईपको हुदैन त्यो अनुदान समेत हामीले फिर्ता लिनु पर्ने अवस्था हुन्छ त्यसै कारणले बजेटको उद्देश्य भनेको सफल कार्यान्वयन र दिर्घकालिन उपलब्धी अल टु हल सबै समस्याको समाधान भनेको बजेट हो । बजेटमा हुने जति पारदर्शि हुन सक्छौ, दुरदर्शि हुन सक्छौ त्यतिनै हामी सरकार र राज्यलाई मजबुत बनाउछौ । राज्य र सरकार भनेको सबै भन्दा महत्वपूर्ण कुरा हो । सबै भन्दा एउटा ऐतिहासिक कुरा हो त हामी सबैले हाम्रो गरिबी, हाम्रो वेरोजगारी, हाम्रो परनिर्भतालाई अन्त्य गर्नका लागि हामी सत्तापक्ष मात्रै

होईन, प्रतिपक्ष मात्रै होईन हाम्रो वौद्धिक सर्कल, आम नागकिर, पत्रकार, सुरक्षाकर्मि, राष्ट्रसेवक कर्मचारी सबैले यहा प्रतिवद्धता गर्न जरुरी छ । व्यवस्था त हो हामीले १० बर्ष जनयुद्ध गर्यौ मात्रै अधिकारका लागि होईनौ न्यायका लागि हौ समानताका लागि पनि हौ, समावेशिका लागि पनि हौ, व्यवस्था र अवस्था दुईवटै परिवर्तन गर्नका लागि यहा हजारौले रगत बगाए थुप्रैका कोखहरु रित्ता भएका छन् । थुप्रैको सिउदोको सिन्दुर पुछिएको छ । थुप्रै विस्तापित र अझै एउटा पिडामा छन् । यो चाहि व्यवस्था परिवर्तन गरेर सामाजिक न्यायको महसुस गराउनका लागि हो, त्यो समावेशिका लागि हो, त्यो एउटा गरिब विपन्न वर्गका लागि हो त्यसलाई हामी प्रयोजन गर्दा, प्रयोग गर्दा व्यवहारमा सिद्धान्त र व्यवहारमा कार्यान्वयन गर्दा हामीले त्यो सिद्धान्तलाई हामीले छुन सक्यौ कि सकेनौ हामी म के भन्न चाहान्छु भने के तीनै चिरा काकडीका तिन चिरा तितिका गितै गाउँन फुलै पहिला दिनमेरा वितिग्या भन्ने एउटा पुरानो गित थियो के त्यलाई मलाई एकदमै याद आयो हामी सिद्धान्तका कुरा गर्दा खर्दै समय बर्वाद गर्नुभन्दा व्यवहारिक कार्यान्वयनका लागि वृहत अभ्यास गर्ने हो भने हामी सफल प्रदेश बनाउन सक्छौ कोकसले यात्रा गर्दा कति पाईलामा पि.एच.डि. गर्यो भनेर अनुगमन गर्नु भन्दा हामीले गरेको आफ्ना गरेका कामहरुप्रति पनि अनुगमन गरेर हाम्रा प्रवितिलाई पनि परिवर्तन गर्ने हो भने हामी प्रदेशलाई एकदमै सुदूरपश्चिम प्रदेशलाई नेपाल कै पहिलो प्रदेश बनाउन सक्छौ । यहा के चिजको अभाव छ सुदूरपश्चिम प्रदेशमा मलाई लाग्छ तराई, पहाड, हिमाल अझै भनौ तराई, पहाड, हिमाल प्राकृतिक रुमा धेरै प्रकृतिका हिसाबले हामी सम्पन्न छौ । नेपालकै महत्वराख्ने एउटा यार्सागुम्बा जस्तो हामीसँग छ, नेपालमै दुईवटा ठुला देश भारत र चाईनासँग सुदूरपश्चिम प्रदेश जोडिएको छ, थुप्रै पर्यटकिय स्थलहरु केछ भन्दा हामीसँग बाझो जमिन छ, उर्भरा एउटा जल त्यसलाई म्यानेज गरेर व्यवस्था गरेर जाने हो भने सवाल भनेको एउटा मात्रै हो समृद्धिका लागि व्यवस्थापन हामी साच्चीकै त्यो गरिबी अन्त्य गर्न सक्छौ । सिद्धान्त र व्यवहारमा प्रयोग गर्न सकेनौ भने गरिबी अन्त्य परै जाओस गरिबको चाहि अन्त्य हुन सक्छ गरिबीको अन्त्य हुन सक्दैन म यो दावीका साथ भन्न चाहान्छु । त्यसै कारण मलाई लाग्छ समग्रमा एउटा आर्थिक समृद्धिका लागि यहा बजेट करको कुरा पनि उठेको छ कर प्रणालीलाई अलि फराकिलो बनाउने कुरा हामीले एकदमै सोच्नुपर्छ परनिर्भरताको अन्त्य सरकार देखि लिएर सदन देखि लिएर जनताको घर घर सम्म पुऱ्याउने कुरालाई हामीले सिरोधार्य गरेर हामीले यो प्रदेश सरकारलाई शुरुवाद गरौ सम्पन्नताका लागि निरन्तर लागि राखौ शुरुवाद त हामीबाट गर्नुपर्यो त्यो शैक्षिक रुपमा यसै बर्ष गुणात्मक रुपमा परिवर्तन आउने गरिबीको यसै बर्ष अन्त्य गर्ने एकै चोटि गर्ने रातारात गर्ने त्यो त कसैले विश्वमा त्यो ईतिहासहरु छैनन तर शुरुवाद त गरौ न गरिबी अन्त्यका लागि यो बर्ष कम्तीमा एक हजार जना युवाहरुलाई कृषिमा होस वा पर्यटनमा होस अथवा उद्योगधन्दा कलकारखानातिर होस त्यहा जोडौ अनि मात्रै हामी शुरुवाद गर्यौ भन्ने हुन्छ त्यो महसुस गर्नेतिर हामीले जानुपर्छ समग्रमा बजेट हेर्दा सन्तुलित छ तर अंसमा कहि कतै सम्पन्न भैसकेका योजनामा पनि परेको छ अर्थमन्त्रीज्यूले यो भन्दा पूर्व नै भनिसक्नु भएको छ केहि प्राविधिक समस्याले गर्दा केहि हामीले अझै एउटा किसिमको मेहनत

गर्न नसकेका कारणले कतै क्रमागत पनि हुनै पर्ने क्रमागत पनि छुटेका छन्, कुनै निर्वाचन क्षेत्रमा अझै बढी परेको छ । अनि यहा समानुपातिककै कुरा गर्नुहुन्छ भने मलाई लाग्छ समानुपातिक सांसद भनेको विशेष सांसद हो के विशेष अधिकार सहितको जो हामी युद्धकालमा भन्थेउ अब गरिबका लागि, महिलाका लागि र दलितका लागि त विशेष अधिकार अरुले पाउने अधिकार भन्दा क्षतिपूर्ति सहितको अधिकार हो के हामीले त स्पेशल मत पाएका हौ हेर्नुहोस हाम्रो मतमा न किन्यौ हामीले, न बेच्यौ हामीले हेर्नुहोस है हाम्रा मत किलियर मत हुन यो दावीका साथ भन्छु । यो सिद्धान्त स्वीकार गरेकार आएका मत हुन यो भनेको विशुद्ध वर्गका लागि हो यो वर्गको सवाल यहा समग्रमा तपाईहरुले समावेश गर्न सक्नु भयो कि भएन त्यो त व्यवस्था प्रति वितृष्णा प्रदा गर्ने अवस्था हामीले सृजना गर्यौ कि गरेनौ भन्ने कुरा समिक्षा आज साझ गएर गर्दा हुन्छ । अलि बढी संवेदनशिल भएर त्यो गरिरहदा राम्रै हुन्छ । त्यसै कारण म भन्न चाहान्छु अब हामी महिलाका लागि, दलितका लागि, अल्पसंख्यक, जनजाति, चौधरी, मधेशी हामी धेरै बोल्नेवाला छैनौ संविधानमै बोलिसकेको छ त्यो मौलिक हकमा बकैदा व्यवस्था छ त्यो अनुसारको कार्यान्वयनको शुरुवाद सुदूरपश्चिम प्रदेश सरकारले गर्यो कि गरेन यो समिक्षा गर्ने बेला चाहि भएको छ किन कि तेस्रो आर्थिक बर्ष हो बजेटको पहिलो तपाईको अल्पकालिन दुईवटा पूर्णकालिन अर्को एटा छ अन्तिम र अर्को अन्तिम भन्या त चुनावी हो यहा पुरै आचार संहिता लाग्ला उसै पनि धनविरे कसो जन भनेई नाती भन्ने पुरानो अर्थ छ यहा प्रतिपक्ष छौ, सत्तापक्ष छौ त्यहा रस्साकस्सी होला विचमा अर्को बजेट त अझै छ यसका लागि हामी सम्वेदनशिल हुने कि नहुने ? यो नयाँ व्यवस्थामा छौ विशुद्ध संघीयताको एउटा महसुस प्रदेश सरकारले गर्नु परेको छ । एकातिर स्थानीय सरकारका जनप्रतिनिधी साथिहरुलाई एउटा समन्वय गरेर जानुपर्ने छ, केन्द्रसँग पनि समन्वय गरेर जानुपर्ने परिस्थिती छ यस कारण यो समग्र समस्याको समाधानको लागि निराकरणको लागि हामी सबैले संवेदनशिल भएर लाग्न जरुरी छ । महिला र दलित, गरिब, विपन्नका लागि विशुद्ध अलि कुनै गाउँ नमुना बनाएर जाने तरिकाले लाग्न जरुरी छ र यसका लागि विशेष अझै पनि अनुरोध गर्दै यो बजेट साउन देखि कार्यान्वयन हुने तयारीमा जावस अनुगमनको पाटो पनि बलियो होस यो गर्ने बेला सबै हामी जोडिने भन्ने बेला एउटालाई मात्र देखाउने यहा प्रवृत्ति देखिन्छ । के भ्रष्टचारका कुरा गरौ, के सुशासनका कुरा गरौ, के सबै तपाईको समृद्धिका कुरा गरौ यतातिर पनि जोडदिन जरुरी छ भन्दै अन्तमा बझाङ्ग जिल्लामा सुदूरपश्चिम जिल्लाभरी यो असार, जेठ लागे देखि विभिन्न समस्याहरु आएका छन् । बझाङ्ग मष्टा गाउँपालिकामा जीव दुर्घटना भएर एकै ठाउँमा १० जनाले ज्यान गुमाउनु पर्यो, ५ जना घाईते भए उहाहरु ज्यान गुमाउने प्रति समवेदना व्यक्त गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै प्रदेश सरकारबाट उहाहरुलाई क्षतिपूर्तिको व्यवस्था र यस्ता घटना दोहोरिन नदिन एउटा अनुगमनको अध्ययनको सृजना गरियोस, अध्ययन होस र सर्पको टोकाईबाट मष्टा गाउँपालिकामै वडा नं.१ मा पवन रोकाया भाईको एउटा असमायिक नीधन भएको छ त्यसप्रति पनि दुखः व्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गर्दै म त्यो परिवारलाई पनि क्षतिपूर्तिको व्यवस्था होस र बलात्कार पछि हत्या हुने घटना बुंगल नगरपालिका वडा नं.१ मा

ललिता कुमारी बैनी माथि भएको छ त्यो एउटा कानूनी प्रोशेसमा गएको छ त्यस प्रति पनि समवेदना व्यक्त गर्दै प्रदेश सरकारको तर्फबाट प्राप्त हुने राहात र यस्ता घटना हुन नदिनका लागि आयोग समेत सुदूरपश्चिम सरकारले गठन गर्न सकोस भन्दै यो बजेटको सफलताको कामना गर्दै प्रदेश सरकारप्रति पूर्ण विश्वास गर्दै हामी सबै एकजुट भएर, प्रतिवद्ध भएर अगाडि बढ्ने प्रतिवद्धता सहित अन्तमा प्रतिपक्षबाट जुन सदन भन्दा बाहिर गएर जुन किताब जलाउने काम भएको छ त्यो चाहि प्रजातन्त्र कुरा हामी अलि कान्छा सांसद, कलिला सांसद भएका कारण उहाहरु जस्तो अली विज्ञ, एउटा वैज्ञानिक एकदम बढी पुरानो पार्टिको साथिहरुले यसरी मुर्दावाद र किताव जलाउने कुरा त्यतिराम्रो कुरा होईन र यो संवैधानिक व्यवस्था विपरित हो बरु च्यात्ने, हान्ने, झगडा गर्ने सम्म त भएको देखिन्छ । जलाउने, आगजनी भन्ने कुरा सामान्य होईन यस्तो पुरानो पार्टि र एउटा प्रजातान्त्रिक अभ्यासलाई स्वीकार गरेर संसदीय व्यवस्थालाई जीवनमै शुरुवाद गरेको सबै भन्दा बढी संसदीय व्यवस्था समालेको प्रतिपक्षका मित्रहरुलाई अन्त्य गर्दै यो राम्रो होईन यसको आपत्ति गर्दै विदा हुन्छु धन्यवाद ।

***(बोलीसकेपछि)***

**३. माननीय सदस्यहरू,**

आजको छलफलको लागि निर्धारित समय यही समाप्त हुन्छ । बाँकी छलफलको कार्य मिति २०७६ साल आषाढ २५ गते बुधबार विहान ८:३० बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।